
# लेखापरीक्षण प्रतिवेदन

## रामपुर नगरपालिका, पाल्पा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## रामपुर नगरपालिका, पाल्पा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/353

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुख,
रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
पाल्पा।

## कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६ करोड १६ लाख ७५ हजार र पर्यटन पूर्वाधार विकास आयोजनाको रु.४६ लाख ७१ हजार, सामाजिक विकास कार्यक्रमको रु.३ लाख ५३ हजार, स्वास्थ्य सुधार कार्यक्रमको रु.३५ लाख २५ हजार, स्वास्थ्य सुधार कार्यक्रम(संघ सशर्त अनुदान) को रु.६ लाख ६२ हजार समेत गरी रु.१७ करोड ८ लाख ८५ हजार एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन।

२. नगरपालिकाको रु.१ अरव ६३ करोड ५५ लाख ५४ हजारको लेखापरीक्षण गरिएकोमा रू.३ करोड ४२ लाख ५८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.६ लाख ६४ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु.३ करोड ३६ लाख ४ हजार मध्ये असुल गर्नुपर्ने रू.१ लाख ८६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३५ लाख ४१ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ९८ लाख ७७ हजार रहेको छ। पालिकाको गत वर्षसम्म रु.१२ करोड ९ लाख २४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१५ करोड ४५ लाख २८ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाको आ.व. ०८०/८१ मा वित्तीय विवरणमा समावेश हुनु पर्नेमा अन्तर सरकारी हस्तान्तरण तर्फको निकासा खर्च समावेश नगरेको, वित्तीय विवरणमा हिसाब फरक परेको, लेखानीति तथा टिप्पणीमा खुलासा गर्नुपर्नेमा सम्पत्ति तर्फको खुलासा नगरेको अवस्था रहेको छ । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने रामपुर नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस रामपुर नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी रामपुर नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका

जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु (रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८१ | ७१ | ३४२५८ | ० | ३२ | ६६४ | १० | ८१ | ३९ | ३३६०४ | १८६ | २९८७७ | ३५४१ | ० | ० | ३३४१८ | ० |

अद्यावधिक बेरुजू स्थिति (रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पाल्पा | १२०९२४ | ० | ० | १२०९२४ | ० | ३३६०4 | १५४५२8 |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३५ | समितका सदस्य भन्दा बाहिरका पदाधिकारीलाई बैठक भत्ता | ५६,१०० |
| २ | २०८०/८१ | ५८.२ | मौलाथर टुवाग तथा लाङ्टाङ्ग लिफ्टिङ्ग खानेपानी योजना | ५६,१०२ |
| ३ | २०८०/८१ | ५४ | बढी भुक्तानी | ११,७५० |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०८०/८१ | ६९ | पि एस आईटमको विल समावेश नभएको | १५,००० |
| ५ | २०८०/८१ | ६१ | नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयन अनुदान | ३,६४,८५५ |
| ६ | २०८०/८१ | ४५.२ | दोहोरो नागरिकता नम्बर | १८,५९८ |
| ७ | २०८०/८१ | ४० | अवकाश शिक्षकको तलब | १३,४३७ |
| ८ | २०८०/८१ | २० | राजश्व ढिला दाखिला | २३,०५७ |
| ९ | २०८०/८१ | ३२.२ | कालिगण्डकी पदमार्ग DPR | १,०५,९६० |
| | | | **जम्मा** | **६,६४,८५९** |

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|
| पालिकाको लेखापरीक्षण बक्यौता नरहेको । | |

# (८०५५०४०२३०० - रामपुर नगरपालिका, पाल्पा)

# परिचय

१ **परीचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा १० वडा,१२३.३४ वर्ग किलोमिटर क्षेत्रफल तथा ३९१९० जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/ ८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८। १ देखि २०८१ ।८। ५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय-व्ययतर्फ रु.१ अरव ६३ करोड ५५ लाख ५४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२६०००।-असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पाठ्यपुस्तकमा बढी निकासा | २६००० |

२ **वित्तिय प्रतिवेदन**

**वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

सुत्र अनुसार २७० ले देखाएको आय व्ययको विवरण निम्नानुसार छ ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेटनिकाय) | | | | | |
|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गतआ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | १२,८५,२०,७०७.२९ | १२,८५,२०,७०७.२९ | १०,८२,१९,२५३.१७ | १०,८२,१९,२५३.१७ |
| १३००० | अनुदान | ४६,१७,३०,०९१.४० | ४६,१७,३०,०९१.४० | ५०,९५,४६,२८७.६६ | ५०,९५,४६,२८७.६६ |
| १४००० | अन्यराजस्व | २,६२,८७,६४०.७३ | २,६२,८७,६४०.७३ | २,४८,५५,५८०.५८ | २,४८,५५,५८०.५८ |
| १५००० | विविधप्राप्ति | ८,३३,८९२.०० | ८,३३,८९२.०० | ६,३०,०८५.५० | ६,३०,०८५.५० |
| क | **कुलजम्मा प्राप्ति** | ६१,७३,७२,३३१.४२ | ६१,७३,७२,३३१.४२ | ६४,३२,५१,२०६.९१ | ६४,३२,५१,२०६.९१ |
| ३ | चालु | ४६,५९,१६,७१८.५९ | ४६,५९,१६,७१८.५९ | ४४,८३,२६,५८८.४५ | ४४,८३,२६,५८८.४५ |
| २१००० | पारिश्रमिक / सुविधा | ३३,३२,६५,१२२.९२ | ३३,३२,६५,१२२.९२ | ३१,८६,२२,८९७.५६ | ३१,८६,२२,८९७.५६ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | ९,८९,७२,५५३.०४ | ९,८९,७२,५५३.०४ | ८,४६,११,६२१.५० | ८,४६,११,६२१.५० |
| २५००० | सहायता (Subsidy) | २,३२,३३,८८०.६३ | २,३२,३३,८८०.६३ | ३,२५,२६,८७१.०० | ३,२५,२६,८७१.०० |
| २६००० | अनुदान | १,८५,७००.०० | १,८५,७००.०० | ० | ० |
| २७००० | सामाजिकसुरक्षा | ८७,९८,४०७.०० | ८७,९८,४०७.०० | १,११,३२,३४८.३९ | १,११,३२,३४८.३९ |
| २८००० | अन्यखर्च | १४,६१,०५५.०० | १४,६१,०५५.०० | १४,३२,८५०.०० | १४,३२,८५०.०० |
| ४ | पूंजीगत | १३,०५,५२,१९९.०० | १३,०५,५२,१९९.०० | २१,२२,४७,१५५.०० | २१,२२,४७,१५५.०० |
| ३१११० | भवनतथा संरचना | १,०२,३०,०८६.०० | १,०२,३०,०८६.०० | ४,७०,२४,६११.०० | ४,७०,२४,६११.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ९१,३७,२१०.०० | ९१,३७,२१०.०० | २,९४,०३,०३९.०० | २,९४,०३,०३९.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | ० | ० | २४,८१,४११.०० | २४,८१,४११.०० |
| ३११५० | सार्वजनिकनिर्माण | १०,९२,८२,३५५.०० | १०,९२,८२,३५५.०० | १३,१२,४३,३७९.०० | १३,१२,४३,३७९.०० |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | ३,८०,९६१.०० | ३,८०,९६१.०० | ७,९५,७१५.०० | ७,९५,७१५.०० |
| ३११७० | पूँजीगतसुधार खर्च | १५,२१,५८७.०० | १५,२१,५८७.०० | १२,९९,०००.०० | १२,९९,०००.०० |
| ख) | **कुलजम्मा भुक्तानी** | ५९,६४,६८,९१७.५९ | ५९,६४,६८,९१७.५९ | ६६,०५,७३,७४३.४५ | ६६,०५,७३,७४३.४५ |
| ग) | **बचत /कमी (ग = क-ख )** | २,०९,०३,४१३.८३ | २,०९,०३,४१३.८३ | (१,७३,२२,५३६.५४) | (१,७३,२२,५३६.५४) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दात** | (१,९७,८०६.५२) | (१,९७,८०६.५२) | ५,७७,६२७.०० | ५,७७,६२७.०० |
| घ.१) | **कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात** | २,०७,०५,६०७.३१ | २,०७,०५,६०७.३१ | (१,६७,४४,९०९.५४) | (१,६७,४४,९०९.५४) |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | १०,१५,६९,२१५.६२ | १०,१५,६९,२१५.६२ | ११,८३,१४,१२५.१६ | ११,८३,१४,१२५.१६ |
| छ) | **विनिमयनाफा/घाटा तथा अन्य समायोजन** | | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक** | १२,२२,७४,८२२.९३ | १२,२२,७४,८२२.९३ | १०,१५,६९,२१५.६२ | १०,१५,६९,२१५.६२ |

| | मौज्दात | | | | |
|---|---|---|---|---|---|

संघिय सरकार र प्रदेश सरकार तर्फको C-GAS मार्फत आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | सामाजिक सुरक्षा भत्ता वितरण | १६१६७४५६६ | १ | सामाजिक सुरक्षा भत्ता वितरण | १६१६७४५६६ |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (दिर्घरोगी) | ३४२५००० | २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (दिर्घरोगी) | ३४२५००० |
| ३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (आयुर्वेद) | ३५३०३५ | ३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (आयुर्वेद) | ३५३०३५ |
| ४ | पर्यटन पूर्वाधार विकास आयोजना | ४६७०६१० | ४ | पर्यटन पूर्वाधार विकास आयोजना | ४६७०६१० |
| ५ | सामाजिक विकास कार्यक्रम | ६६१९०० | ५ | सामाजिक विकास कार्यक्रम | ६६१९०० |
| | **जम्मा** | **१७०७८५१११** | | **जम्मा** | **१७०७८५१११** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको यथार्थता :**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६१६७४५६६।- र पर्यटन पूर्वाधार विकास आयोजनाको रु. ४६७०६१०।– सामाजिक विकास कार्यक्रमको रु.३५३०३५।–स्वास्थ्य सुधार कार्यक्रमको रु.३५२५०००।– स्वास्थ्य सुधार कार्यक्रम(संघ सशर्त अनुदान)को रु.६६१९००।-समेत गरी रु.१७०८८५१११। एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

४ **फरक जिम्मेवारी :**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । पालिकाको खाता नं.०४१५८००९३९३४२२३२ ( स्थानीय तह कोष खाता) मा अन्तिम मौज्दात रु.४९८१९१४।– रहेको देखिन्छ । तर पालिकाले यो वर्षको सूत्रको विवरणमा सो रकम जिम्मेवारी सारेको नदेखिएकोले कम जिम्मेवारी सारेको रकमको सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

५ **बैंक हिसाव विवरण :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं. २१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात | फरक |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १०४७३६१०८।९२ | १०४७३६१०८।९२ | ०.०० |
| चालु खर्च खाता | ०.०० | ०.०० | ०.०० |
| पुँजीगत खर्च खाता | ०.०० | ०.०० | ०.०० |
| विविध खर्च खाता | ३७५७१९४।४८ | ३७५७१९४।४८ | ०.०० |
| विपद व्यवस्थापन खाता | २५९५४५।५३ | २५९५४५।५३ | ०.०० |
| स्थानीय विभाज्य कोष | ०.०० | ०.०० | ०.०० |
| स्थानीय तह कोष खाता | ०.०० | ४९८१९१४ | ४९८१९१४ |
| धरौटी मौज्दात | १३५२१९७४ | १३५२१९७४ | ०.०० |
| ग१.१, आन्तरिक राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| | | **बैङ्क मौज्दात** | **४९८१९१४** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।

६ **आवधिक योजना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

७ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ ।उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

८ **आय अनुमान :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ७००००००।-प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।०८१ मा रु. ५०३९३९०८।-अर्थात अनुमान भन्दा २८ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको

राजश्वको स्थिति निम्न अनुसार रहेको अभिलेख दिएको छ । यसरि पछिल्ला बर्षहरूमा राजश्वमा कमि आएको पालिकाले जनाएकोमा कवाडी शुल्क, नक्सापासदस्तुर,मनोरञ्जन शुल्क असूल हुने गरेको देखिएन । पालिकाले राजश्वको क्षेत्र तथा दायरा फराकिलो र अनुमानयोग्य बनाउनुपर्ने देखिन्छ ।

| क्र.सं. | संकेत | राजस्व शीर्षक | आ.व. २०७९।८० राजस्व संकलन रकम | आ.व. २०८०।८१ राजस्व संकलन रकम | बढी/घटी रकम |
|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ० | ४,०७१,१५८।०० | ४,०७१,१५८।०० |
| २ | ११३१४ | भुमिकर/मालपोत | १४६४९४६९ | १९,२९३,३६२।१२ | ४,६४३,८९३।१२ |
| ३ | ११३१५ | घरजग्गारजिष्टेशन दस्तुर | ० | २६,३३१।०० | २६,३३१।०० |
| ४ | ११३१७ | वहाल कर | २०९२३४९ | २,७८४,६३७।४४ | ६९२,२८८।४४ |
| ५ | ११६११ | व्यवसायलेभुक्तानी गर्ने | ० | १४०,२१७।०० | १४०,२१७।०० |
| ६ | ११६९१ | अन्य कर | २८५०० | १,५८६,७८१।७५ | १,५५८,२८१।७५ |
| ७ | १४२१९ | अन्य सेवाशुल्क तथा बिक्री | ४२३६६० | ८०,९८०।०० | ३४२,६८०।०० |
| ८ | १४२२९ | अन्यप्रशासनिक सेवा शुल्क | ० | ५,१६०।०० | ५,१६०।०० |
| ९ | १४२४२ | नक्सापासदस्तुर | ३५५६६९२ | ४,२०४,०२०।२४ | ६४७,३२८।२४ |
| १० | १४२४३ | सिफारिशदस्तुर | ३४८६३४५ | ३,१८५,२०३।०० | ३०१,१४२।०० |
| ११ | १४२४४ | व्यक्तिगतघटना दर्ता दस्तुर | ४९४८३८ | १,१७९,४५९।०० | ६८४,६२१।०० |
| १२ | १४२४५ | नाताप्रमाणित दस्तुर | ० | ३८९,९२६।०० | ३८९,९२६।०० |
| १३ | १४२४९ | अन्यदस्तुर | ० | ७,२८०,८९१।५० | ७,२८०,८९१।५० |
| १४ | १४२६५ | अन्यक्षेत्रको आय | १०६,६६८।२१ | ० | १०६,६६८।२१ |
| १५ | १४३१२ | प्रशासनिकदण्ड जरिवाना र जफत | ६४१४४८ | ३५२,९२०।०० | २८८,५२८।०० |
| १६ | १४५२९ | अन्यराजस्व | ९४६६४८०।७ | २,४२३,३६९।३१ | ७,०४३,१११।३९ |
| १७ | १४६११ | व्यवसाय कर | १८५०८२४ | २,५५५,६००।०० | ७०४,७७६।०० |
| १८ | १५१११ | बेरूजू | ६३००८५।५ | ८३३,८९२।०० | २०३,८०६।५० |
| | क | राजस्वसंकलन जम्मा | ३७४२७३५९।४१ | ५०,३९३,९०८।३६ | १२,९६६,५४८।९५ |
| | ख | राजस्वअनुमान | ९६,१८०,०००।०० | ७०,०००,०००।०० | |
| | ग | राजस्वसंकलन प्रतिशतमा | ३८.९१ | ७१.९९ | |

९ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति

तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१० **खर्च बिश्लेषण :**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ५०३९३९०८।- राजस्व बाँडफाँड र अनुदानबाट रु.५५११७३८६१ ।- समेत रु ६०१५६७७६९।-आम्दानी भएकोमा चालु तर्फ रु.४६५९१६७१८।- र पूँजिगत तर्फ रु.१३०५५२१९९।-समेत रु. ५९६४६८९१७।-खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.४४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.११५९३०००।- खर्च भएको छ जुन आन्तरिक आयको २३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७० प्रतिशत चालु र २३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

| सि.नं. | खर्च शिर्षक | २०७९।८० को खर्च | २०८०।८१ को खर्च | वृद्धिको कारण |
|---|---|---|---|---|
| १ | करारका कर्मचारीको खर्च | २१४०११४९ | २७०४२१०२ | करारमा कर्मचारी थप |
| २ | वैंठक/तालिम/गोष्ठि भत्ता | ४६२०२४१ | ६२८५००० | कार्यक्रम थप |
| ३ | इन्धन | ३४००६७७ | ३९८८६८५ | सवारि बृद्धि |
| ४ | मसलन्द | ७३०९८२६ | ८७४३६८० | सेवा विस्तार/कर्मचारी वृद्धि |
| ५ | विविध | २०१७४५४ | १४०८३३२ | खर्च नियन्त्रण |

११ **चौमासिक खर्च :**

कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल पुंजिगत खर्चको तुलनामा प्रथम चौमासिकमा ९.३२ प्रतिशत, दोस्रो चौमासिकमा २१.४४ प्रतिशत, तेस्रो चौमासिकमा ६९.२४ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र २९.११ प्रतिशत खर्च गरेको छ। चौमासिक खर्च निम्नानुसार रहेको छ।

| क्र.स | बजेट | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिनाको खर्च |
| १ | पूँजिगत खर्चतर्फ | १३०५५२१९९ | १२१७९६२८ | २७९९८८०८ | ९०३७३७६३ | ३८००५८०७ |
| **२** | प्रतिशत | ६६.०२ | ९.३२ | २१.४४ | ६९.२४ | २९.११ |

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये तेस्रो चौमासिकमा ६९.२४ प्रतिशत तथा आषाण महिनामा मात्रै २९.११ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

१२ **लक्ष्य प्रगति :**

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम देखिएको छ । पालिकाले शुन्य प्रगति र कम प्रगति भएका योजनाहरुमा स्रोत अभाव, निर्माण व्यावसायि बाट भएको ढिलाई, जग्गा विवाद लागायतको कारण देखाईएतापनि

कार्यान्वयन पक्ष प्रभावकारी बनाई सन्तोषजनक प्रगति हासिल गर्नुपर्दछ । साथै वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा समेत नियन्त्रण गर्नुपर्दछ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | | |
|---|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** | **७५ भन्दा माथि** |
| कार्यक्रम संख्या | ४५५ | २३ | ३ | ७ | २० | ४०२ |

१३ **योजनाको प्राथमिकीकरण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल ४५५ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाखमाथिका योजना सङ्ख्या** | **रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५ लाख भन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १८० | २५ | ५८ | ९७ |
| २. | वडा स्तरीय | २७५ | ० | २ | २७३ |
| **जम्मा** | | **४५५** | **२५** | **६०** | **३७०** |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र बितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २५० योजनामात्र कार्यान्वयन भई २३ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वयन गर्नुपर्दछ।

१४ **गत विगतको भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.२३०७३७।- भुक्तानी दिएको छ।ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१५ **मूल्य अभिवृद्धि कर :**

पालीकाले प्रथम पटक सुचना प्रकाशन गरि ठेक्का नलागेका लिप्सी मझुवा घाट,मठार घाट, खयरबोट घाट र पानसय खोला घाट(४ वटा घाट) बाट पालिका आफैले अमानतबाट कुल १७८९९.५९ घ.मि. परिमाणमा ढुङ्गा गिटी बालुवा उत्खन्न गरि एकमुष्ट रु.४३३९३१६।–राजस्व प्राप्त गरि प्रदेश र स्थानिय विभाज्यकोष मार्फत बाँडफाँड गरेको छ । पालिकाले मुल्य अभिबृद्धि कर बापतको रकम समेत विभाज्यकोष मार्फत बाँडफाँड गरेको जनाएको छ । पालिकाले आय ठेक्काबाट कार्य नगरी अमानतबाट कार्य गर्दा मुल्य अभिबृद्धि कर बापत प्राप्त हुने राजश्व छुट हुने हुँदा पालिकाले ठेक्का मार्फत कार्य गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१६ **आय ठेक्का :**

लुम्बिनी प्रदेशको सरकारको आर्थकि ऐन, २०८० को दफा ८ मा प्राकृतिक स्रोत संकलन तथा बिक्रि शुल्क सम्बन्धी व्यवस्था गरेको र सो दफा अनुसार अनुसुची -६ व्यवस्था भए अनुसारको दरमा संकलन गर्नु पर्ने व्यवस्था गरेको छ । सो ऐनको अनुसुची -६ मा पहाडी क्षेत्रको लागी ढुंगा गिट्टि बालुवा संकलन गर्न प्रति घन फिट रु ६ तोकिएको छ । ढुंगा गिट्टि बालुवाको संकलन दर प्रदेशले तोकिदिए अनुसार हुने र प्रदेश सरकारले न्यूनतम संकलन मुल्य प्रति घन फिट रु ६ तोकिदिए अनुसार प्रत्येक स्थानीय तहले न्यूनतम सो रकम संकलन गर्नु पर्दछ । यस रामपुर नगरपालिकाले IEE प्रतिवेदन समेतलाई आधार मानि विभिन्न ६ घाटको छुट्टा छुट्टै गरि कुल रु.९७८६०१३।-को लागत अनुमान तयार गरेको पाईयो । विभिन्न ६ घाटको लागि मिति २०८०।०५।१५ मा प्रथम पटक सुचना प्रकाशन भएकोमा वहखोला घाट अधिकतम कबोल गर्ने फर्म फरएभर विल्डर्स संग रु.६५०५९२।-(VAT बाहेक) र भलायटार घाट अधिकतम कबोल गर्ने फर्म मोबाईल निर्माण सेवासंग रु.३०५९४११।०४(VAT सहित) सम्झौता गरी सोहि अनुसारको आम्दानी समेत गरेको पाईयो ।

१७ **क्षेत्रगत बजेट र खर्चको स्थिति :**

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३८६५८००० | २६१७०६६२ | ६७.७ |
| २ | पूर्वाधार विकास | ११६६७४३५७ | ७७०४७७४२ | ६६.०४ |
| ३ | सामाजिक विकास | ३७९४५५६४३ | ३४९१३८४८३.४६ | ९२.०१ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २०३९५००० | ८०६७०३१ | ३९.५४ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १८०३६०००० | १३६०४४९९९.१३ | ७५.४३ |
| | **जम्मा** | **७३५५४३०००** | **५९६४६८९१७.६०** | **६८.१४४** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ९२.०१ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र मा सबै भन्दा घटीमा ३९.५४ प्रतिशत रहेको छ ।

१८ **योजना तथा वजेट कार्यान्वयन :**

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको

मध्यमकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको

समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा

पालिकाले रु.१४ करोड २४ लाखको खरिद गुरुयोजना बेगर गरेको छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८० को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको

निर्णयबाट रु. ३ करोड ३१ लाख ३८ हजार मिति २०८०।९।२६ मा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ४.५ प्रतिशत हुन्छ। आर्थिक वर्षको

अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन र साथै रकमान्तर गरेको रकम मध्ये ३ योजनामा रु. ११५००००।-खर्च गरेको छैन।

कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१९ **आन्तरिक नियन्त्रण प्रणाली :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकामा कार्यरत ६६ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.२८लाख ९२ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.१९ लाख २३ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२० **राजश्व ढिला दाखिला :**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२३,०५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२१ **म.ले.प.फारामको प्रयोग :**

भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरेको छैन ।

• म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,

• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको,

• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको

अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।

२२ **वन पैदावार आय असूल नभएको :**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (ख) मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम एकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

२३ **बेरुजु लगत :**

नगरपालिकाले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । निम्नानुसार बेरुजु लगतका लागि स्वीकृत भएका म.ले.प फारामको व्यवस्था गरेको पाईएन ।

• म. ले. प. फाराम, ८०१ बेरुजु लगत नराखेको,

• म.ले. प. फाराम ८०२, बेरुजुको कार्यालयगत प्रतिवेदन तयार नगरेको,

• म. ले. प. फाराम ८०५, सम्परीक्षण गोश्वारा अभिलेख नराखेको,

अतः स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

२४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२५ **न्यायिक समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ९ र यो वर्ष थप भएको ७० गरी कुल ७९ विवाद दर्ता भएकोमा ५८ वटा मात्र फस्र्यौट भई २१ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२६ **कानून र सञ्चालन स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, ९ वटा नियमावली, ७८ कार्यविधि लगायत १०४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएकोमा पालिकाले ३० वटा कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन । तसर्थ सम्पुर्ण कानुनहरु राजपत्रमा प्रकाशन गरि पुर्णरुपमा कार्यान्वियनमा ल्याउनु पर्दछ ।

२७ **सहकारी नियमन :**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १९ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२८ **यन्त्र उपकरण सञ्चालन :**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गरी पालिकाले इन्धन, चालक पारिश्रमिक र मर्मत खर्च तथा सञ्चालन आय निम्नानुसार रहेको छ। पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन र लगानी र आय विश्लेषण समेत गरेको पाइएन।उपकरण संचालन कार्यविधि तयार नगरी पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो। यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आयको अभिलेखिकरण नहुंदा आय गणना गर्न सक्ने अवस्था रहेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

| क्र.सं. | सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | खर्च |
|---|---|---|---|---|---|
| १. | जे.सि.वि | ६६१९४० | ३९६४६४ | २८९७५५ | १३४८१५९ |
| २. | रोड लोडर | २४३७९४ | ३९६४६४ | ९३०२ | ६४९५६० |
| ३. | सेफ्टी ट्याङ्क सफाई मेसीन | ५४७९८ | २८९५०० | १४१६३८ | ४८५९३६ |

२९ **सेवाप्रवाहको स्थिति :**

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ । पालिकाबाट दिईने सेवा प्रवाहमा बढोत्तरी गर्नुपर्ने देखिन्छ ।

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| जन्म मृत्यु दर्ता | १०२७ | १०२७ |
| नागरिकताको सिफारिस | ३५२५ | ३५२५ |
| नाता प्रमाणित | ९१६ | ९१६ |
| घरबाटो सिफारिस | ११४७ | ११४७ |
| अन्य | १०४३६ | १०४३६ |

३० **जिन्सी व्यवस्थापन :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टि गर्नुपर्नेमा

सो गरेको पाइएन ।

• कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी

निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

## ३१ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

३१.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका १० वटा वडाहरुमा नहर निर्माण, सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका १७ कार्यक्रम सञ्चालनको लागि रु.७२८३००।-वजेट विनियोजन भएकोमा पालिकाले पेश गरेको विवरण अनुसार ७७ जनालाई बढीमा १०० दिन र कममा ८९ दिन गरी औषतमा ९४.५ दिनको श्रमिक ज्यालामा रु.५०१८०१६।-र प्रशासनिकमा १४०७९१६।-गरी जम्मा रु.६७१४७३०।-खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा उल्लेखित छन् ।

३१.२ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परिचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

३१.३ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विशेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा

सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यिवन गरेको नपाईएकोले सुधारहुनु पर्दछ ।

३१.४ रोजगारी सिर्जना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा पालिकाले रोजगारमुखी योजना कार्यान्वियन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नु पर्नेमा सो वेगर नै योजनाहरुमा कार्यपालिकाको निर्णयअनुसार छनौट गरी वजेट खर्च भएको छ । वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सिर्जना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले उत्पादनमूलक र रोजगारमूलक योजना संचालन गरेको पाईएन सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

३१.५ पालिकाले कार्यान्वियन गर्ने योजनाहरू बार्षिक वजेटमा समावेश गरी कार्यान्वियनमा लैजानुपर्ने तथा वडाहरूको आवश्यकताको आधारमा योजना छनौट गर्नुपर्ने देखिन्छ । तर पालिकाले यस बर्ष कार्यान्वियन गरेका सत्र वटा योजनाहरू नै वजेटमा समावेश गरेको नपाईएको तथा कार्यपालिकाको निर्णयानुसार मात्र छनौट गरेको जनाएको छ । पालिकाले योजना छनौट गर्दा सवै वडाहरुलाई आवश्यकताको आधारमा छनौट गर्नुपर्नेमा रोजगारहरु सवै वडामा पर्याप्त नभएकोले समेट्न नसकेको जनाएको भएतापनी सवै वडाहरूलाई प्राथमिकतामा राखी योजना छनौट र कार्यान्वियन गर्नुपर्दछ ।

३२ **कालिगण्डकी पदमार्ग DPR :**

३२.१ कालिगण्डकी पैदलमार्गको DPR निर्माणको लागि रु.१७२०८३५।१६ को लागत अनुमान तयार गरी २०८०।७।१७ मा आर्थिक प्रस्तावको सूचना आव्हान गरेको पाईयो । पालिकाले प्राविधिक तथा आर्थिक प्रस्तावमा सबैभन्दा बढी अंक (८७.७२) प्राप्त गर्ने फर्मको कवोल रकम रु.१७१८७०४।५८ मा २ महिना भित्र कार्यसम्पन्न गर्नेगरी क्रिप्टो ईन्नोभेसन टेक्नोलोजी प्रा.ली.सँग २०८०।८।२८ मा सम्झौता गरेको पाईयो । सो सम्वन्धी विवरण निम्नानुसार छन ।

३२.२ ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१०५,९६०.१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३२.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सम्झौताको शर्त वमोजिम आपूर्तकले सम्झौता अवधिमा सम्झौता अनुसारको कार्य नगरेमा तथा म्याद थप समेत नभएको अवस्थामा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारीत क्षतिपूर्ति असूल गर्नुपर्ने उल्लेख छ । पालिकाले उल्लेखित फर्मसँग सम्झौता गरेकोमा २०८०।१०।२८ सम्ममा कार्यसम्पन्न गरी प्रतिवेदन पेश हुनुपर्ने देखिन्छ । तर सो फर्मले २०८१।१।२१ मा मात्रै कार्यसम्पन्न गरी प्रतिवेदन पेश गरेकोले ८२ दिन ढिला कार्यसम्पन्न गरी प्रतिवेदन पेश गरेकोले सो दिनको हुने रकम रु.७०४६६।८८ सम्वन्धित परामर्शदाताबाट असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७०,४६६.८८ |

३२.४ सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम १२३ मा खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकांक तोकिएकोमा त्यस्तो सूचकांक प्राप्त भएपछि र त्यस्तो सूचांक नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा करारका शर्त वमोजिम रनिङ्ग विलको भुक्तानी दिनुपर्ने व्यवस्था छ । सम्झौता अनुसार परामर्शदाता फर्मले २०८०।१०।२८ मा पालिकामा DPR को प्रतिवेदन पेश गर्नुपर्ने र सोको

आधारमा पैदलमार्ग निर्माणको लागि लागत अनुमान तयार गरी वोलपत्र आव्हान गर्नुपर्ने देखिन्छ । तर परामर्शदाताले समयमा कार्य नगरेको कारण पालिकाले प्रतिवेदन पेश हुनु अगावै लागत अनुमान तयार गरी वोलपत्र समेत गरी कार्य सुचारू गरेको पाईयो । जसले गर्दा परामर्शदाताले पेश गरेको प्रतिवेदनमा उल्लेखित कार्यको परीमाण र लागत अनुमानको कार्यपरीमाणमा तालमेल भएको देखिएन । यसरी निर्माण कार्यको वोलपत्र र सम्झौता गरी कार्य सुचारू भएपश्चात मात्रै पेश भएको DPR मा भएको खर्च रकम रु.१७१८७०४।- नियमसम्मत देखिएन, रु.

| | |
|---|---|
| अनियमित भएको | १७,१८,७०४ |

## ३३ **फोहोरमैला व्यवस्थापन कार्यान्वयन प्रणाली :**

३३.१ फोहोरमैला व्यवस्थापन कार्यान्वयन प्रणालीः फोहोरमैला व्यवस्थापन कार्यान्वयन प्रणाली निर्माणको लागि पालिकाले रु.९६७८४५।- को लागत अनुमान तयार गरी २०८०।१२।१५ मा आर्थिक प्रस्तावको सूचना आव्हान गरेको पाईयो । पालिकाले प्राविधिक तथा आर्थिक प्रस्तावमा सबैभन्दा बढी अंक (८४.०५) प्राप्त गर्ने फर्मको कवोल रकम रु.९४९२००।-मा ४५ दिन भित्र कार्यसम्पन्न गर्नेगरी सफ्टवेयर हव नेपाल प्रा.ली.सँग २०८१।१।१२ मा सम्झौता गरेको पाईयो । सो सम्वन्धी विवरण निम्नानुसार छन ।

३३.२ सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार परामर्श सम्वन्धि कार्यमा प्रस्ताव सम्बन्धी कागजातमा परामर्शदाताको छनौट गर्न अङ्क भार उल्लेख गर्दा सार्वजनिक निकायले नियमावलीको ७१(६) बमोजिमको अङ्कको सीमा ननाघ्ने गरी कामको प्रकृति र जटिलता अनुसार उपयुक्त अङ्क उल्लेख गर्नु पर्ने र सोको आधारमा छनौट गर्नुपर्ने उल्लेख छ । पालिकाले उल्लेखित कार्यको लागि प्राविधिक प्रस्तावमा अङ्क भार उल्लेख गर्दा प्रस्तावदाताको कामको अनुभवमा सफ्टवेयर हव नेपाल प्रा.ली.ले सम्वन्धित क्षेत्रमा काम गरेको अनुभवको पत्र पेश नगरेकोमा पनि निजलाई ३ बर्षको अनुभवले पाउने बराबरको अंक दिएकोले ८४.०५ अंक प्राप्त गरी प्रथम हुन गएको देखियो । सो फर्मलाई ३ बर्षको अनुभवले पाउने बराबरको अंक नदिंदा दोस्रो हुने फर्म एडोन ईन्जिनियरीङ्ग सोलुसन प्र.लि.(८२.४ अंक) को आर्थिक प्रस्ताव छनौट भएको छ । यसरी आवश्यक योग्यता नभएको फर्मलाई छनौट गरेको पाईएकोले यस्तो सम्झौता रकम अनुसार गो.भौ. ८५४।०८१।३।२१ बाट भएको खर्च रु.९४९२००।–नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ९,४९,२०० |

३३.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सम्झौताको शर्त वमोजिम आपूर्तकले सम्झौता अवधिमा सम्झौता अनुसारको कार्य नगरेमा तथा म्याद थप समेत नभएको अवस्थामा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारीत क्षतिपूर्ति असूल गर्नुपर्ने उल्लेख छ । पालिकाले उल्लेखित फर्मसँग सम्झौता गरेकोमा २०८१।२।२५ सम्ममा कार्यसम्पन्न गरी प्रतिवेदन पेश हुनुपर्ने देखिन्छ । तर सो फर्मले २०८१।३।१६ मा मात्रै कार्यसम्पन्न गरी प्रतिवेदन पेश गरेकोले २३ दिन ढिला कार्यसम्पन्न गरी प्रतिवेदन पेश गरेकोले सो दिनको हुने रकम रु.१०९१६।-सम्वन्धित परामर्शदाताबाट असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,९१६ |

३३.४ पालिकाले सम्झौता गरेको फर्मले AMC चार्ज दावि नगर्ने गरी आर्थिक प्रस्ताव पेश गरेको छ । तर प्रस्तावमा उल्लेख नगरेतापनि पालिकाले बार्षिक १२ प्रतिशतले AMC भुक्तानी गर्ने गरी सम्झौता गरेकोले बार्षिक ब्ययभार बढ्न जाने देखिन्छ । अतः सम्झौताको पुनरावलोकन हुनुपर्दछ ।

## ३४ **अन्य कार्यालयको खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धी व्यवस्था रहेको छ । सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन

भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका कार्यालय परिसर भित्र संरचना निर्माण गरी रु.७ लाख २२ हजार ६३६ भुक्तानी खर्च गरेको छ । कानुनको व्यवस्था अनुरुप अख्तियारी प्रदान गरी खर्च गर्नुपर्नेमा सोझै अन्य कार्यालयको खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | गो.भौ. | कार्य विवरण | खरीद फर्म | रकम |
|---|---|---|---|---|
| १ | ३५१।०८१।१।२४ | मालपोत कार्यालयमा पार्टेसन कार्य | मल्टिस्टार पर्पोज कन्सल्टेन्सि | ३४६३४५ |
| २ | ८६७।०८१।३।२१ | जिल्ला प्रशासनलाई सफ्टवेयर खरीद | न्यु गैहें कम्प्युटर सर्भिस | ३७६२९१ |
| | | | **जम्मा** | **७२२६३६।-** |

| | |
|---|---|
| अनियमित भएको | ७,२२,६३६ |

३५ **समितका सदस्य भन्दा बाहिरका पदाधिकारीलाई बैठक भत्ता :**

३५.१ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३५.२

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३६ **कर्मचारी प्रोत्साहन भत्ता :**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। स्थानीय तहले नगर सभाको एघारौ सभाको निर्णयबाट कार्यरत कर्मचारीलाई कार्यालय समय अघि पछि तथा बिदाको दिनमा समेत कामकाज गरेको भनि मंसिर देखि माघ महिनासम्म प्रशासनका कर्मचारीहरुलाई तथा विभिन्न क्षेत्रका कर्मचारीहरुलाई प्रोत्साहन गरी कुल रु.२८५९७३९।- भुक्तानी गरेको छ। पालिकाले यस्तो खर्च लेख्दा कानून तयार गरी सूचकको आधारमा भुक्तानीको व्यवस्था गर्नुपर्दछ ।

३७ **करार कर्मचारी :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न पदमा ११६ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.३२९८७६९१.३९ खर्च लेखेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेक इन्जिनियर, कम्प्यूटर अपरेटर, अमिन, सुपरभाईजर, सामाजिक परिचालक,

खरिदार, सव ईन्जिनियर, सहायक पाँचौ अ.न.मि/अ.हे.ब लगायतका दरबन्दिभित्र नपरेका स्रोतको सुनिश्चितता नभएको कारण दरवन्दि स्विकृत नभएका विभिन्न ५७ जना कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु.१५३१९८४६।-भुक्तानी गरेको छ। त्यस्तै पालिकाले त्यसका अतिरिक्त कार्यालय तथा विभिन्न वडामा गरी ३७ जना कार्यालय सहयोगी समेत राखी थप खर्च गरेको पाइयो । यसरी वर्षभरी दरबन्दी भन्दा बढी तथा अनावश्यक कर्मचारी नियुक्त गरी निजहरुको तलब भत्तामा गरेको खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,५३,१९,८४६ |

### ३८ कालिगण्डकी पैदलमार्ग निर्माण :

३८.१ पालिकालाई यस बर्ष संघीय समपूरक वजेट अन्तर्गत कालिगण्डकी पैदलमार्ग निर्माणको लागि रु.६००००००।–वजेट व्यवस्था भई निकासा भएको पाईयो । पालिकाले ४३.६४ कि.मी.(१६०० मी. बाहिरी ट्र्याक समेत) को ट्रेकिङ् तथा साईक्लिङ्ग कोरिडोर निर्माण (रामपुर खण्ड) को लागि रु.१००८७७१८०८।८७ को DPR तयार गरेको पाईयो । पालिकाले सो मध्ये यस बर्षको बजेटबाट वडा नं.१,२,३,४,५,६,८ र १० मा बाटोको ट्र्याक मात्रै खोल्ने गरी रु.११४७५८०३।११ को लागत अनुमान तयार गरी NCB 20/080-81 बाट २०८०।११।२२ मा वोलपत्र सूचना आव्हान गरेको पाईयो । पालिकाले सबैभन्दा कम कवोल रु.६५७१६९७।०४।(४२.७३%कम कवोल) गर्ने फर्म गर्हौकालि कंन्स्ट्रक्सन प्रा.ली.को वोलपत्र स्विकृत भएको पाईयो । सो फर्मसँग मा २०८१।३।१० सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८१।१।२३ मा सम्झौता भएको छ । सो सम्वन्धी विवरण निम्नानुसार छन ।

३८.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(६) मा (६) सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान त्यस्तो लागत अनुमान तयार गर्ने प्राविधिक भन्दा एक तह माथिको प्राविधिक वा प्राविधिकहरुको समूहलाई डिजाइन ड्रईङ समेत जाँच्न लगाई कुनै त्रुटी देखिएमा त्यस्तो त्रुटी सच्याई लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले ट्रेकिङ् तथा साईक्लिङ्ग कोरिडोर निर्माणको लागि IEE तथा DPR तयार गर्नको लागि छुट्टाछुट्टै परामर्शदाताहरूसँग क्रमश २०८०।११।६ तथा २०८०।८।२८ मा सम्झौता गरेको पाईयो । यसरी सम्झौता अनुसारको प्रतिवेदन पेश नहुदै पालिकाले पैदलमार्ग निर्माणको लागि लागत अनुमान तयार गरी वोलपत्र समेत आव्हान गरी सम्झौता गरेको पाईयो । सो पैदलमार्ग निर्माणको लागि परामर्शदाताले दिएको ड्राफ्ट प्रतिवेदनको आधारमा पालिकाले लागत अनुमान तयार गरेको पाईएकोमा परामर्शदाताले दिएको DPR को अन्तिम प्रतिवेदन र पालिकाले तयार गरेको लागत अनुमानमा देहाय अनुसारको फरक परेको देखिन्छ । यसरी IEE तथा DPR को अन्तिम प्रतिवेदन पेश नभईसकेको अवस्थामा लागत अनुमान तयार गरेकोले लागत अनुमान यथार्थपरक नदेखिएकोमा पालिकाले सो त्रुटी सच्याई लागत अनुमान तयार गरेको छैन । सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

| **कामको विवरण** | **DPR अनुसारको परीमाण** | **लागत अनुमान अनुसारको परीमाण** | **फरक परीमाण** |
|---|---|---|---|
| All types oF Soil | २२४६३.३२ घ.मी. | १९६५६.१५ घ.मी. | २८०७.१७ घ.मी. |
| Ordinary Rock Cutting | ३३७०.८८ घ.मी. | ५६२२.९० घ.मी. | २२५२.०२ घ.मी. |
| Hard Rock Cutting | २२४६.४९ घ.मी. | २८०८.७९ घ.मी. | ५६२.३० घ.मी. |

३८.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूतिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । त्यस्तै नियम १२१ मा सम्झौताको शर्त वमोजिम आपूर्तकले सम्झौता अवधिमा सम्झौता अनुसारको कार्य नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारीत क्षतिपूर्ति असूल गर्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायीले २०८१।३।१० सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८१।१।२३ मा सम्झौता भएकोमा सम्झौता अवधीमा All types oF Soil १३५२१ घ.मी., Ordinary Rock Cutting १५०.३९ घ.मी. र Hard Rock Cutting को कार्य नगरेको अवस्था छ भने प्रथम रनिङ्ग विलको मूल्याङ्कित रकम गो.भौ. २१।०८१।३।२४ बाट रु.७३३८७३।–(संघिय) र गो.भौ.५०१।०८१।३।२४ बाट रु.७३३८७३।–(पालिका)

गरी जम्मा रु.१४६७७४६।–भुक्तानी भएको छ । निर्माण व्यवसायीको निवेदनको आधारमा तथा कार्यपालिकाको २०८१।३।३ को निर्णय अनुसार २०८१।६।३० सम्मको म्याद थप गरेकोमा लेखापरीक्षण अवधी (२०८१।८।३) सम्ममा पनि सो कार्य सम्पन्न नभएकोमा दोस्रो रनिङ्ग विल सहित रु.४७८५९१२।६३ सम्मको कार्य गरेकोमा तत् पश्चात म्याद थप नभएको तथा कार्य समेत अलपत्र अवस्थामा देखिन्छ । निर्माण व्यवसायीले All types oF Soil को कार्य प्रगती गरेको भएतापनि Ordinary Rock Cutting र Hard Rock Cutting को कार्य गरेको नदेखिएकोले हर्जना सहित वाँकि कार्य रु.१७८५७८४।४१ को कार्यसम्पन्न हुनुपर्ने देखिन्छ ।

## ३९ कालिगण्डकी करीडोर पैदलमार्ग प्रारम्भिक वातावरणिय परीक्षण :

३९.१ पालिकाले कालिगण्डकी करिडोर पैदलमार्गको प्रारम्भिक वातावरणीय परीक्षणको DPR निर्माणको लागि रु.८४९२०७।-को लागत अनुमान तयार गरी २०८०।१०।१२ मा आर्थिक प्रस्तावको सूचना आव्हान गरेको पाईयो । पालिकाले प्राविधिक तथा आर्थिक प्रस्तावमा सबैभन्दा बढी अंक (७९.९१) प्राप्त गर्ने फर्मको कवोल रकम रु.७९०४६३।२५ मा २०८१।३।१० भित्र कार्यसम्पन्न गर्नेगरी वास्तुशिल्पा आर्किटेक्स एण्ड विल्डर्स प्रा.ली.सँग २०८०।११।६ मा सम्झौता गरेको पाईयो । सो सम्वन्धी विवरण निम्नानुसार छन ।

३९.२ सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार परामर्श सम्वन्धी कार्यमा प्रस्ताव सम्बन्धी कागजातमा परामर्शदाताको छनौट गर्न अङ्क भार उल्लेख गर्दा सार्वजनिक निकायले नियमावलीको ७१(६) बमोजिमको अङ्कको सीमा ननाघ्ने गरी कामको प्रकृति र जटिलता अनुसार उपयुक्त अङ्क उल्लेख गर्नु पर्ने र सोको आधारमा छनौट गर्नुपर्ने उल्लेख छ । पालिकाले उल्लेखित कार्यको लागि प्राविधिक प्रस्तावमा अङ्क भार उल्लेख गर्दा प्रस्तावदाताको कामको अनुभवको लागि ३ बर्षको कार्य अनुभव हुनुपर्ने उल्लेख गरेको छ । तर पालिकाले १ बर्षको अनुभव भएको फर्मको प्रस्ताव स्विकृत गरेको पाईएकोले बिशेष कामको दक्षता नभएको फर्मले दिने परामर्श सेवा प्रतिको विश्वसनियता कम हुने देखिन्छ । पालिकाले सो तर्फ ध्यान दिनुपर्दछ ।

३९.३ पालिकाले कालिगण्डकी पैदलमार्ग निर्माणको लागि २०८०।११।२२ मा वोलपत्रको सूचना आव्हान गरी २०८१।१।२३ मा गर्हौकालि कंन्स्ट्रक्सन प्रा.ली.को वोलपत्र स्विकृत गरी सम्झौता गरेको छ । तर पालिकाले सो कार्यको निर्माण कार्य सुचारू भए पश्चात मात्रै IEE तयार गर्नको लागि प्रस्ताव माग गरेको र गो.भौ. ६९६।२०८१।३।१२ बाट रु.७९०४६३।२५ भुक्तानी भएको छ । यसरी निर्माण कार्यको सुचारू भएपश्चात IEE तयार गर्नको लागि प्रस्ताव माग गर्नु औचित्यपूर्ण नदेखिएकोले नियमसम्मत देखिएन, रु.

| | |
|---|---|
| अनियमित भएको | ७,९०,४६३.२५ |

## ४० अवकाश शिक्षकको तलब :

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रु **१३,४३६.७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ४१ खर्चमा मितव्यिता कायम गर्नुपर्ने :

४१.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसरी खर्च लेख्दा आवस्यक्ता र औचित्यका आधारमा आवश्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेकोमा देहाय बमोजिम पाईयो:-

**भ्रमण खर्च :-** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमणमा रू.३२९९३५६।÷खर्च भुक्तानी गरेको छ । कार्यालयले भ्रमण खर्चमा मितव्ययीता कायम गर्नुपर्ने देखिन्छ ।

**इन्धन खर्च :-** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.३९८८६८५।-र कन्टेन्जेन्सी खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययी गर्ने तर्फ ध्यान दिनुपर्दछ।

**पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन :-**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु.१७७९२६६।-खर्च गरेकोले खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै जानुपर्दछ ।

**मसलन्द तथा कार्यालय सामग्री खर्चः-** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुलेसमेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिर्षकमा यस वर्ष जम्मा रु.६४७७४००।-खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण सुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

**सवारी मर्मत र अन्य मर्मत खर्च :-** लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस बर्ष मर्मत शिर्षकबाट रु रु.२५७०६४८।-र कन्टिन्जेन्सीबाट समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं.४१५ अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था एकिन गर्न सकिएन । पालिकाले सो सम्वन्धमा ध्यान दनुपर्दछ ।

४१.२ **कन्टिन्जेन्सी खर्च अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेश गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम रु.१२६७०३९।-कट्टा गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन। कार्यालयले पेश गरेको विवरण अनुसार कन्टिन्जेन्सी खर्च रु.१८६४८५५।-गरेकोमा कुन कुन योजनामा कति खर्च गरेको छ एकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

४२ **खरिद कारवाही अभिलेख :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम (२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सो सँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्धरुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग

सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोकेअनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ

**४३ उपभोक्ता समिति मार्फत कार्य :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । गाँउपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको मोटामोटी सफ्ट कपी बिबरण अनुसार संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको ३५९ वटा उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु. १३ करोड ५ लाख ५२ हजार भुक्तानी भएको विवरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

• उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । आयोजना/कार्यक्रम कार्यान्वियन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वियन गर्दा अधिकाशं योजनामा १० प्रतिशत उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्धि गर्नुपर्दछ ।

• बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । उपभोक्ता समितिमा बसेर कार्यगर्ने व्यक्तीको अभाव रहेको भन्ने पालिकाले जनाएको छ ।

• उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विवरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमी कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका

आयोजनाहरु सम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

४४ **सामाजिक सुरक्षा :**

सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । सामाजिक सुरक्षामा यो वर्ष रु.१६१६७४५६६।-खर्च भएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:-

**(क) एम.आइ.एस प्रणालिमा प्रतिवेदनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानीय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत राष्ट्रिय परीचयपत्र तथा पञ्जिकरण विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

**(ख) पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ । त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानिय तहले भुक्तानी गरेको रकम बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखत कार्यहरु भएको पाइएन ।

**(ग)भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाको प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गरेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३० र ४५ बमोजिम फ्रिज तथा फिर्ता नहुने भनी तोकेको बजेट उपशिर्षक बाहेकको बाँकी बजेट निकासा रकम फिर्ता गर्नु पर्ने व्यवस्था रहेको ।

**(घ)** यस कार्यालयको सामाजिक सुरक्षा तथा संरक्षण तर्फको प्रथम र द्धितिय त्रैमासिक सामाजिक सुरक्षा भत्ता बितरण पश्चात बचत हुन गएको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको एकल खाता कोषमा फिर्ता भएको देखिएता पनि तेस्रो र चौथो किस्ताको सामाजिक सुरक्षा भत्ता बितरण भई बाँकी रहेको बास्तबिक रकम कार्यालयको बिवरणमा एकिन हुन सकेन । आगामी दिनमा कार्यालयले हिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण पश्चात आगामी त्रैमासिकको लागि रकम निकाशा माग गर्दा अघिल्लो त्रैमासिकमा बचत हुन

गएको वास्तविक रकम को.ले.नि.का. एकलखाता कोषमा फिर्ता गरेर मात्र निकासा माग गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

४५ **दोहोरो नागरिकता नम्बर :**

४५.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले ५ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ । पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको लागि तयार गरेको विवरणमा एकै नागरिकता नम्बर भएका व्यक्तिलाई एउटै वडामा सामाजिक सुरक्षा भत्ता वितरण गरेको विवरणबाट देखिएको छ । सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीमा विवरण भर्दा एकिन गरेर मात्र विवरण भर्ने तर्फ सम्बन्धित शाखाले ध्यान दिनुपर्दछ । जेष्ठ नागरिक भत्ता फरक फरक खाता नं. मा जम्मा भएता पनि नागरिकता दोहोरिएको पाइएकोले यस तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

४५.२ सामाजिक सुरक्षा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउन पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्नेछ। कुनै लाभग्राहीको मृत्यु भएमा प्रचलित कानूनबमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनुपर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्दछ । यस पालिकाले मृत्यु भएका व्यक्तिहरुको लगत कट्टा पछिको पनि सामाजिक सुरक्षा भत्ता वितरण गरेकोले असूल गर्नुपर्ने रु

| वडा नं. | लाभग्राहीको नाम | लगत कट्टा मिति | भत्ताको किसिम | गएको भत्ता | जानुपर्ने भत्ता | बढी |
|---|---|---|---|---|---|---|
| ५ | उजेली क्षेत्री | २०८१।३।१२ | जेष्ठ नागरिक भत्ता | १२००० | ९५४८ | २४५२ |
| ८ | भवानी कुमारी ठाडा मगर | २०८१।१।४ | जेष्ठ नागरिक भत्ता | १२००० | ५३३ | ११४६७ |
| ९ | दल बहादुर राना | २०८१।२।२९ | जेष्ठ नागरिक भत्ता | १२००० | ७६२५ | ४३७५ |
| १० | मतिसरा कुमाल | २०८१।३।७ | जेष्ठ नागरिक भत्ता | १२००० | ८९०३ | ३०९७ |
| | | | | | **जम्मा** | **२१३९१** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,३५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,७६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,८६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,६१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,३९१ |

४६ **वालविकास कर्मचारी वितरण :**

पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० अनुसार विद्यालयको विद्यार्थी संख्याको आधारमा वालविकास कर्मचारी वितरण र समायोजन हुनुपर्ने उल्लेख छ । देहायका विद्यालयहरुमा वालविकासमा उल्लेख्य विद्यार्थी संख्या नरहेको अवस्थामा समेत वालविकास कर्मचारी संख्या बढि वितरण गरेको र पारिश्रमिक भुक्तानी समेत भएको छ । यसरी भुक्तानी दिंदा आवश्यक विद्यालयहरुमा वालविकास कर्मचारी नपुग हुने र देहाय अनुसारको विद्यार्थी कम भएकोमा बढि हुने अवस्था देखियो । अतः आवश्यकता र विद्यार्थी संख्याको आधारमा वालविकास कर्मचारी वितरण हुनुपर्ने देखिन्छ ।

| क्र सं. | विद्यालयको नाम | वाल विकास शिक्षक | वाल विकास विद्यार्थी |
|---|---|---|---|
| १ | सरस्वती मा वि गाँडाकोट | १ | ३ |
| २ | सीता मा वि दर्छा | १ | १० |
| ३ | जनशान्ति मा वि खालिवन | १ | १६ |
| ४ | भानुभक्त मा वि | १ | १३ |
| ५ | जनकल्याण मा वि | ३ | १४ |
| ६ | जनविकास मा वि | १ | ८ |
| ७ | भानुभक्त मा वि | १ | ५ |
| ८ | देविस्थान प्रा वि | १ | ११ |
| ९ | प्रगतीशिल प्रा वि | १ | ७ |
| १० | ज्ञानमञ्जरी प्रा वि | १ | १६ |
| ११ | बेलघारी प्रा वि | १ | ८ |
| १२ | बालहित प्रा वि | १ | ३ |
| १३ | बालज्योति प्रा वि | १ | ६ |
| १४ | शान्ति प्रा वि | १ | ७ |
| १५ | कुम्भ प्रा वि | १ | १४ |
| १६ | नवजागृति प्रा वि | १ | ७ |
| १७ | बालकल्याण प्रा वि | १ | ९ |
| १८ | विजय प्रा वि | १ | ८ |
| १९ | विरेन्द्र प्रा वि | | ७ |
| २० | जनहित प्रा वि | १ | ११ |
| २१ | बालकल्याण आ वि | १ | ३ |
| २२ | शंकर आ वि | १ | ११ |
| २३ | लक्ष्मी आ वि | १ | ५ |
| २४ | जानकी आ वि | १ | ८ |

४७ **विद्यार्थि मूल्याङ्कन तथा ग्रेड निर्धारण :**

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गनिर्देशन बमोजिम विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको प्रक्रिया निर्धारण गरी विद्यालय तहको मूल्याङ्कन र प्रमाणीकरणमा सान्दर्भिकता, पारदर्शिता, वस्तुनिष्ठता र विश्वसनियता कायम गर्न वाञ्छनीय भएकाले शिक्षा नियमावली, २०५९ को नियम १९२ को (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले लेटर ग्रेडिङ निर्देशिका, २०७८ तयार गरी लागु गरेकोमा विद्यालय शिक्षाको उपलव्धीलई विभिन्न ८ प्रकारमा स्तरीकृत गरेको छ । सो निर्देशिका अनुसार ३५ प्रतिशत भन्दा कम उपलव्धी हाँसिल गरेको विद्यार्थिलाई स्तरीकरण गर्न नमिल्ने उल्लेख छ । पालिकासँग शैक्षिक सत्र २०८० को कक्षा ८ को परीक्षाको प्रतिफल माग गरी परीक्षण गर्दा ८८९ विद्यार्थि मध्ये देहायका विद्यार्थिहरूलाई मात्र ग्रेड बृद्धि

गरेको र अन्य विद्यार्थीहरुलाई ग्रेड बृद्धि नगरि सोहि कक्षामा राखेको देखियो । यसरी हेर्दा कक्षा ८ को विद्यार्थीको परीक्षाको प्रतिफल औषतमा रहेको देखियो भने अन्य कक्षाको समेत उल्लेख्य नतिजा देखिएन । पालिकाले मातहतका विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमको साथै पठनपाठनमा विषेश पहल गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| **क्र.सं** | **बिषय** | **विद्यार्थि** | **A+** | **A** | **B+** | **B** | **C+** | **C** | **D** | **NG** | **Pass** | **Pass%** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अंग्रेजी | ८८९ | १४० | १६५ | १८५ | १८९ | ९४ | १८ | ७९ | १९ | ८७० | ९७.८६ |
| २ | हाम्रो रामपुर | ८८९ | ३९ | २२३ | २६० | १८५ | ७३ | १९ | ९० | | ८८९ | १००.०० |
| ३ | स्वास्थ्य | ८७१ | ६६ | १६२ | २०१ | २६६ | ५३ | २५ | ९८ | | ८७१ | १००.०० |
| ४ | गणित | ८८९ | ३१ | १०२ | १५९ | २६७ | १५७ | २२ | ११६ | ३५ | ८५४ | ९६.०६ |
| ५ | नेपाली | ८८९ | ४७ | १५७ | २५१ | २१८ | ११४ | ३० | ५४ | १८ | ८७१ | ९७.९८ |
| ६ | विज्ञान र प्रविधी | ८८९ | ६६ | १६६ | १९९ | २५४ | १०१ | १७ | ६९ | १७ | ८७२ | ९८.०९ |
| ७ | सामाजिक अध्ययन र मानव मूल्य शिक्षा | ८७१ | ६४ | १५५ | २०७ | २५७ | ८४ | १४ | ८३ | ७ | ८६४ | ९९.२० |
| ८ | उर्दु | १८ | ६ | १० | ० | २ | ० | ० | ० | ० | १८ | १००.०० |
| ९ | कुरान | १८ | ३ | ८ | ६ | १ | ० | ० | ० | ० | १८ | १००.०० |

४८ **राष्ट्रिय शिक्षा नीतिको पालना :**

४८.१ राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धी मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

४८.२ पालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

४८.३ राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको

पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्

- निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।
- शुल्क निर्धारण र त्यसको कार्यान्वियनको अनुगमन गरेको छैन ।
- अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।

अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

४९ **शैक्षिक गुणस्तर सुदृढीकरण र पुस्तकालय व्यवस्थापन :**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं ९.६ मा विद्यालयलाई लाईव्रेरी व्यवस्थापनको लागि विद्यार्थी संख्या उच्च रहेका, विगत बर्षहरुमा अनुदान नपाएका, पुस्तकालय व्यवस्थापनको लागि आवश्यक कक्षाकोठा र भौतिक पूर्वाधार रहेका र पुस्तकालय नरहेका तथा कक्षा ११-१२ मा जिव विज्ञान, रसायन विज्ञान र भौतिक विज्ञान अध्यापन गराउने माध्यमिक विद्यालयलाई प्राथमिकतामा राखी आवश्यकता अनुसार आधारभूत विद्यालयहरुलाई समेत एकमुष्ठ रु.६५००००।–तथा ICT ल्यावको लागि रु.६५००००।–का दरले रकम निकासा दिने व्यवस्था छ । यसरी छनौट भएका विद्यालयले आवश्यक सामान खरीद सार्वजनिक खरिद ऐन नियमअनुसार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षमा देहायका विद्यालयहरूलाई निकासा दिएको पाईएकोमा सो छनौटको स्पष्ट आधार देखिएन । साथै सो कार्य गर्दा विद्यालयले सार्वजनिक खरिद ऐन अनुसार गर्नुपर्नेमा सो अनुसार गरे नगरेको स्पष्ट नभएको र विद्यालय जिन्सी खातामा दाखिला भए नभएको समेत अधिकांशको प्रमाण पेश हुन आएन । अतः कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको सूचकको आधारमा निर्णय प्रकृया गरेको प्रमाण, स्पेशिफिकेशन तथा सम्झौता वमोजिमको कार्य भएको र सदुपयोगको सुनिश्चितता सम्वन्धमा पालिकास्तरीय अनुगमन समितिबाट अनुगमनको प्रमाण पेश हुनुपर्ने, रु.

| क्र.सं | गो.भौ।मिति | विद्यालय | विज्ञान प्रयोगशाला | ICTल्याव | जम्मा |
|---|---|---|---|---|---|
| १ | ७७।०८१।२।१८ | राम तुलसी मा.वि. | ६५०००० | | ६५०००० |
| २ | ७१।०८१।२।१६ | सरस्वति मा.वि | ६५०००० | | ६५०००० |
| ३ | ५०।०८०।१२।१५ | जनशक्ती मा.वि | | ६५०००० | ६५०००० |
| ४ | १४९।०८१।३।१७ | जनकल्याण मा.वि | | ६५०००० | ६५०००० |
| ५ | ७५।०८१।२।१७ | कृष्णदेवी मा.वि | | ६५०००० | ६५०००० |
| | | **जम्मा** | **१३०००००** | **१९५००००** | **३२५००००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,५०,००० |

५० **विद्यालयको अनुगमन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभूत तथा माध्यामिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय-व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धी निश्चित मापदण्ड निर्धारण गरी सोही अनरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभूत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी

त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। यस सम्बन्धमा शिक्षा शाखासँग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेको भनाइ रहेको छ । पालिकाले अनुगमन सम्बन्धी निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर वृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्था गर्नुपर्दछ ।

५१ **पढ्दै कमाउदै :**

पढ्दै कमाउदै कार्यविधि,२०७८ को दफा २८ मा विद्यालयले तोकेको कार्य गर्नेगरी पालिकासँग सम्झौता गरे पश्चात के कार्य गरेको हो सोको कार्यसम्पन्न पेश गर्नुपर्ने तथा बार्षिक प्रतिवेदन समेत पालिकामा सम्वन्धित पेश गर्नुपर्ने व्यवस्था छ । यस बर्ष पालिकाले आधारभूत मा.वि.रामपुर-७ लाई कुखुरा, माछा, भैसी पालनको लागि प्रस्तावना अनुसार गो.भौ.६६।०८१।१।१६ बाट रु.५०००००।–निकासा दिएको छ । तर विद्यालयले तोकेको कार्य गर्नेगरी पालिकासँग सम्झौता गरेअनुसारको कार्य गरे नगरेको सम्वन्धमा पालिकाले अनुगमन गरी प्रतिवेदन गरेको छैन भने विद्यालयले समेत कार्यसम्पन्न तथा बार्षिक प्रतिवेदन पालिकामा पेश गरेको छैन । पालिकाले स्रोतको सदुपयोगको सुनुश्चितता गर्नुपर्दछ ।

५२ **थप पाठ्यपुस्तक वितरण :**

५२.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को ३.१ मा विद्यालयको एकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक को रकम अनुदान दिने ऊल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०८० बैशाखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरिदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम पुनः विद्यालय खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निकासा प्रथम किस्ता ७५% गो.भौ.४६।०८०।१२।८ बाट रु.३७४६६४७।-र पुनः थप निकासा गो.भौ.१२०।०८१।३।११ बाट रु.१४६०२१८।- गरी जम्मा रु.५२१३८६५।-विभिन्न ५० विद्यालयहरुलाई मागका आधारमा निकासा दिएको पाईयो । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छ ।

५२.२ कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८०।८१ को ३.१ मा विद्यालयको एकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक को रकम अनुदान दिने उल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०८० बैशाखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरिदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम पुनः विद्यालय खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालीकाले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निकासा दिने र वाँकि रकम विल भरपाईको आधारमा निकासा दिनुपर्नेमा देहायका विद्यालयहरूले किताव खरिद विल र वितरण भरपाईको आधारमा नभई विद्यार्थीहरूलाई नगर रकम वितरण भरपाईको आधारमा निकासा दिएको पाईयो । यसरी कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८०। ८१ को व्यवस्था विपरीत निकासा दिएको रकम नियमसम्मत नदेखिएको, रु.

| क्र.सं. | विद्यालय | निकासा |
|---|---|---|
| १ | राम तुलसी मा.वि. | १३८४७००.६० |
| २ | दरै मा.वि. | ४०३९३९.६० |
| ३ | गंगा मा.वि. | ३६०१२९.०० |
| | **जम्मा** | **२१४८७६९.२०** |

| | |
|---|---|
| अनियमित भएको | २१,४८,७६९.२ |

५३ **क्याम्पसलाई अनुदान :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) मा स्थानीय तहले आधारभुत र माध्यामिक विद्यालयको शिक्षा क्षेत्रमा कार्यहरु गर्नसक्ने उल्लेख छ । तर पालिकाले यसबर्ष शहिद बहुमुखी क्याम्पस शिक्षण अनुदान खर्च जनाई गो.भौ.३४५।२०८१।१।२० बाट

रु.७६३२४५।-भुक्तानी दिएको पाईयो । यसरी पालिकाको कार्यक्षेत्र भन्दा बाहिर गरेको खर्च रकम नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,६३,२४५ |

५४ **बढी भुक्तानी :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **११,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५५ **ज्याम्दीवन झोलुङ्गेपुल :**

झोलुङ्गे पुल क्षेत्रगत सुधार कार्यक्रम अन्तर्गतको रकम खर्च गर्दा सम्झौता अनुसार पालिकाबाट ३०% र कार्यक्रमबाट ७०% खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष सेराघाट झोलुङ्गे पुल निर्माणको लागि उपभोक्ता समितिलाई गो.भौ.२१।०८१।३।१३ बाट रु.७३१४०७।-, गो.भौ.२२१।०८०।१२।०७ बाट रु.४४०७८१।–तथा गो.भौ.८।०८०।१२।७ बाट रु.९९०४१९।-भुक्तानी तथा परामर्शदातालाई गो.भौ.११।०८१।१।१२ बाट रु.९१८०५।–तथा गो.भौ.२४।०८१।३।१८ बाट रु.९१८०५।-भुक्तानी समेत गरी जम्मा रु.२३४६२१७।-खर्च लेखेकोमा झोलुङ्गे पुल क्षेत्रगत सुधार कार्यक्रमबाट रु.१६४२३५१।–र वाँकि रु.७०३८६५।–पालिकाको स्रोतबाट खर्च लेख्नुपर्ने देखिन्छ । तर पालिकाले पालिकाको स्रोतबाट रु.४४०७८१।–मात्र खर्च लेखि बाँकि रकम संघीय वजेटबाट नै खर्च गरेको पाईएकोले पालिकाको कम योगदान भएको रकम रु.२६३१८४।१० संघीय संचितकोष खातामा फिर्ता पठाउनुपर्ने देखिएको, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६३,१८४.१ |

५६ **सौर्य बत्ती जडान :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायबाट गरिने खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकालाई संघ सशर्त कार्यक्रम अन्तर्गत नविकरणीय उर्जा प्रविधि जडानका लागि रु.८ लाख बजेटको विनियोजन भएको पाईयो । पालिकाले वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सन्दर्भ मूल्य तथा टेक्निकल स्ट्याण्डर्ड र स्पेशिफिकेसनको आधार लिई लागत अनुमान तयार गरी खरिद गर्नुपर्नेमा सो समेत तयार नगरी दरभाउपत्रको माध्यमबाट कम कवोल फर्म अल्फाबिटा ईन्जिनियरीङ्ग प्रा.ली.बाट खरीद गरी गो.भौ.१८।०८१।३।१२ बाट रु.७९१८१३।-भुक्तानी गरेको छ । पालिकाले खरिद गरेको सो फर्मको कारोवारको ईजाजतमा वैकल्पिक उर्जा तथा सोलारको समेत रहेको देखिएन । यसरी लागत अनुमान तयार नगरी खरिद गर्दा खरिदमा प्रतिस्पर्धा नभई मितव्ययी नहुने तथा फर्मको कारोवारको ईजाजत नै नभएको फर्मबाट कारोबार गर्दा सौर्य बत्ती तथा पार्टसको वारेन्टी समेत नहुने देखिएकोले यस्तो खर्च रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ७,९१,८१३ |

५७ **आँखा उपचार केन्द्र उपकरण खरीद :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अधिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले कालीगण्डकी आँखा उपचार केन्द्रलाई उपकरण खरीद गर्दा लागत अनुमान तयार गरी सोको आधारमा खरीद प्रकृयाको थालनी गरी खरिद गर्नुपर्नेमा लागत अनुमान तयार नगरी हायात मेडिको डिष्ट्रिव्युटर्स र एक्सपर्ट सोलुसनबाट दरभाउपत्रको माध्यमबाट देहयको सामानहरू खरिद गरेको छ । यसरी खरिद गर्दा खरिदमा प्रतिस्पर्धा नहुनुको साथै मितव्ययी समेत नहुने देखिएकोले यस्तो खरिद नियमसम्मत देखिएन, रु.

| क्र.सं. | गो.भौ।मिति | फर्म | उपकरण | संख्या | रकम रु. |
|---|---|---|---|---|---|
| १ | १९।०८१।३।१३ | हायात मेडिको डिष्ट्रिव्युटर्स | Automatic Lence Edger | १ | ५०५००० |
| २ | १९।०८१।३।१३ | “ | Fogging Machine | १ | ७२००० |
| ३ | १९।०८१।३।१३ | “ | Autoseope | १ | ३४५० |
| ४ | १९।०८१।३।१३ | “ | Revolving Steel | २ | ९००० |
| ५ | २०।०८१।३।१३ | एक्सपर्ट सोलुसन | विभिन्न ८ आईटम | | ८३३९२२ |
| | | | | **जम्मा** | **१४२३३७२** |

| | |
|---|---|
| अनियमित भएको | १४,२३,३७२ |

## ५८ मौलाथर टुवाग तथा लाङ्टाङ्ग लिफ्टिङ्ग खानेपानी योजना :

५८.१ मौलाथर टुवाग तथा लाङ्टाङ्ग लिफ्टिङ्ग खानेपानी योजना निर्माणको लागि आवश्यक सामाग्रीहरू खरीदको लागि रु.३४६८८१३।६३ को लागत अनुमान तयार गरी २०८०।८।८ मा सूचना आव्हान गरेको पाईयो । पालिकाले सबैभन्दा कम कवोल फर्म आल्फावेटा ईन्जिनियरीङ्ग प्रा.ली.को कवोल रकम रु.३०८८३१०।-मा २ महिना भित्र कार्यसम्पन्न गर्नेगरी क्रिप्टो ईन्नोभेसन टेक्नोलोजी प्रा.ली.सँग २०८०।८।२८ मा सम्झौता गरेको पाईयो । सो सम्वन्धी विवरण निम्नानुसार छन ।

५८.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५६,१०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ५९ सेनीटरी प्याड खरीद :

५९.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले नियमावलीको व्यवस्था अनुसारको लागत अनुमान तयार गरी खरिद गर्नुपर्नेमा लागत अनुमान समेत तयार नगरि दरभाउपत्रको माधयमबाट कम कवोल जनाई एस.पि.सर्जिल्याव, पोखाराबाट प्रति प्याड रु.८५।८८ का दरले ११५२५ प्याडको गो.भौ.२११।०८१।३।२४ बाट रु.९८९७६७।-भुक्तानी दिएको छ । लागत अनुमान तयार गरी वोलपत्रको माध्यमबाट खरिद गर्दा सोहि गुणस्तरको प्याड खरिद गर्न सकिनेमा बर्षान्तमा लागत अनुमान वेगर खरिद गर्दा प्रतिस्पर्धा कम हुने तथा गुणस्तर समेत नहुने देखिन्छ ।

५९.२ पालिकाले नियमावली तथा कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को व्यवस्था अनुसार लागत अनुमान तयार गरी गुणस्तर सहितको सेनीटरी प्याड विद्यार्थीहरुलाई उपलव्ध गराउनुपर्ने देखिन्छ । तर पालिकाले खरिद गरेको उल्लेखित ११५२५ सेनिटरी प्याड जिन्सी खातामा आम्दानी जनाएको तथा बर्षान्तमा विद्यालयलाई बुझाएको जनाएकोमा सोको पालिकाबाट अनुगमन भएको छैन । बार्षिक रूपमा विनियोजित रकम सोहि आर्थिक बर्षको लागी हुनेमा पालिकाले बर्षान्तमा सामान खरिद गरी विद्यालयमा हस्तान्तरण गरेको जनाएकोमा विद्यालयमा सोहि गुणस्तर कायम राख्ने गरी विद्यालयले व्यवस्थापन गर्न सक्ने नसक्नेमा आश्वस्त हुन सकिएन । अतः पालिकाले सम्वन्धित लक्षितवर्गलाई सुविधा उपभोग गर्नेगरी खरिद तथा व्यवस्थापन हुनुपर्दछ ।

५९.३ सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी, २०७६ अनुसारको सेनिटरी प्याडको स्पेशिफिकेशन २४०+-२० mm लम्वाई, ६० बाट ७५mm चौडाई एवं thickness १५ mm +- २ mm को हुनुपर्ने उल्लेख छ । तर पालिकाले सो अनुसारको स्पेशिफिकेशनको

सेनीटरी प्याड खरीद नगरी ३२० mm को ११२५२ प्याड खरिद गरी वितरण गरेको पाईयो । यसरी सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधीले तोकेको स्पेशिफिकेशन अनुसार खरिद नगरेकोले कानूनको पालना गरेको नदेखिएको र आवश्यक मापदण्डको समेत नहुने देखिएकोले यस्तो खरिद रकम रु.९८९७६७।-नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ९,८९,७६७ |

५९.४ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.२३ मा स्यानिटरी प्याड खरिद सम्वन्धी व्यवस्था छ । जसअनुसार पालिकाले कक्षा ६ सम्म तथा आवश्यकता अनुसार सो कक्षा भन्दा तल्लो कक्षामा समेत कक्षा ६-१२ को छात्राको तथ्याङ्क अद्यावधिक गर्ने र निजको लागि १० महिनाको आवश्यक प्याड निर्धारीत मापदण्डको खरिद गर्ने उल्लेख छ । यसरी खरिद गर्दा रकम वचत भएको अवस्थामा पालिकाले विद्यालयमा प्याड डिस्पोजल मेशिन नभएमा एक पटकको लागि खरिद गरी वितरण गर्न सकिने उल्लेख छ । पालिकाले लागत अनुमान वेगर सेनिटरी प्याड डिस्पोजल मेशिन १८ वटा रक्षा सर्जिकल सप्लायर्सबाट खरिद गरी गो.भौ.२१२।०८१।३।२४ बाट रु.९६२९९७।-भुक्तानी गरेको छ । यसरी खरिद गर्दा दरभाउपत्रबाट खरिद गरेकोमा सोको लागत अनुमान तयार नगरी खरिद गर्दा प्रतिस्पर्धा नहुने देखियो । यसरी आवश्यकताको पहिचान नगरी बर्षान्तमा खरिदमा प्रतिस्पर्धा सिमित हुनेगरी लागत अनुमान समेत तयार नगरी खर्च गरेको रकम रु.९६२९९७।-नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ९,६२,९९७ |

६० **लघुउद्यम कार्यक्रम :**

गरीवी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेडपा) अन्तर्गत यस आर्थिक बर्षमा विभिन्न ५ कार्यक्रमको लागि यस बर्ष देहाय अनुसारको सिपमूलक तालीम संचालन गरी १०९ जनालाई तालीम प्रदान गरेको छ । यसरी तालिम प्राप्त उद्यमी मध्ये विभिन्नलाई प्रविधि हस्तान्तरण अन्तर्गतको सामान वितरण गरेको छ । गरीवी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम संचालन गरी बार्षिक सम्पन्न कार्यक्रमहरुको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजना सम्वन्धमा समेत पालिकाले अनुगमन गरी सोको प्रभावकारीताको समेत मापन गर्नुपर्दछ ।

| क्र.सं | तालिमको नाम | तालिम अवधी | सहभागी संख्या | खर्च रकम |
|---|---|---|---|---|
| १ | सामाजिक परिचालन कार्यक्रम | २ दिन | ५१ जना | २५८०० |
| २ | उद्यमशीलता विकास तालिम | ८ दिन | २१जना | ८४७५० |
| ३ | सिलाईकटाई सीप विकास तालिम | ९३ दिन | ८ जना | ३०२०९५ |
| ४ | दालमोट उत्पादन सीप विकास तालिम | ७ दिन | १० जना | ७६१०५ |
| ५ | दुना टपरी स्तोन्नती सीप तालिम | ५दिन | १९जना | ५८६२५ |

६१ **नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयन अनुदान :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१२७,९९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२३६,८५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६२ **मेशिनरी औजार खरीद :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले देहायका कार्यहरू गर्दा लागत अनुमान तयार गरी निर्धारीत कानून अनुसार प्याकेज बनाई खरीद गर्नुपर्नेमा पटक पटक दरभाउपत्रको माध्यमबाट आर्थिक बर्षको अनितममा रु.११७८३३२।-को खरिद गरेकोले खरिदमा प्रतिस्पर्धाको वातावरण समेत देखिएन । यसरी खरीद गरेको रकम नियमसम्मत नदेखिएको, रु.

| सि.नं | गो.भौ।मिति | खरीद फर्म | कार्य विवरण | खर्च रकम |
|---|---|---|---|---|
| | | | | |
| १ | १६४।०८०।११।२१ | नासा कम्प्युटर | ट्याव खरीद | ७६२५०० |
| २ | ४४६।०८१।३।१४ | नासा कम्प्युटर | प्रिन्टर, ल्यापटप | १०४८३२ |
| ३ | ४४६।०८१।३।२३ | लोयल कम्प्युटर प्रा.ली. | ल्यापटप | ११६००० |
| ४ | ४४७।०८१।३।१४ | रम्भादेवी ईलेक्ट्रोनिक्स | ए.सि. | १९५००० |
| | | | **जम्मा** | **११७८३३२** |

| अनियमित भएको | ११,७८,३३२ |
|---|---|

## ६३ बालमैत्री विद्यालय निर्माण :

वालमैत्री स्थानिय शासन घोषणा कार्यविधी, २०७९ को दफा २५ मा अनुगमन समितिले गाउँपालिका तथा नगरपालिका र वडाको वालमैत्री स्थानिय शासनको सूचक प्राप्तीको अनुगमन गर्दा अनूसूची-१४ को ढाँचामा चेकलिष्ट तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका तेह्र विद्यालयहरूलाई बालमैत्री विद्यालय निर्माण अन्तर्गत रु ५ लाख विनियोजित रकमबाट निकासा गो.भौ.नं २१।२०८१।०३।२४ बाट रु.६५०००००।-दिएको छ । तर विद्यालयले खरिद गरेका खरिद सामग्रीको कार्यालयमा प्राप्त हुना साथ दाखिला गरी विद्यालयको जिन्सी किताबमा खप्ने र नखप्ने गरी आम्दानी बाध्नु पर्नेमा सो भएको गरेको देखिएन । अतः वालमैत्री स्थानिय शासन घोषणा कार्यविधी, २०७९ को दफा २५ मा उल्लेखित अनुसूची अनुसारको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | सम्झौता मिति | खरिद सामग्री | खरिद मिति | रकम |
|---|---|---|---|---|---|
| १ | बालकल्याण प्रा वि वडा नं. २ | २०८१।२।२४ | ल्यापटप, दराज, वाटर डिस्पेन्सर, कुर्ची | २०८१।३।१८ | ५०००००० |
| २ | रामपुर आ वि वडा नं. ३ | २०८१।१।२१ | फुटबल, भलिबल, कार्पेट, प्रोजेक्टर | २०८१।३।१४ | ५०००००० |
| ३ | बैलाबारी प्रा. विवडा नं..१ | २०८१।२।२४ | स्मार्ट टकिङ्ग बुक, टेबल राइड | २०८१।३।१४ | ५०००००० |
| ४ | कालिका प्रा वि वडा नं. ८ | २०८१।१।२१ | फुटबल, डस्टबिन, भलिबल | २०८१।३।१४ | ५०००००० |
| ५ | छम्के आ विवडा नं. १ | २०८१।१।२१ | भ्याकुम क्लिनर, कार्पेट, बुक, र्याक | २०८१।३।१४ | ५०००००० |
| ६ | कृष्णदेवी मा. वि. वडा नं. २ | २०८१।१।२१ | कार्पेट, दराज, डिस्पेन्सर | २०८१।३।१४ | ५०००००० |
| ७ | सरस्वती मा वि वडा नं. २ | २०८१।१।२१ | पेन्टिङ्ग राइटिङ्ग, बुक र्याक, टेबल फ्यान | २०८१।३।१४ | ५०००००० |
| ८ | कृष्ण प्रा वि वडा नं. १० | २०८१।२।२४ | किताब जुत्ता र्याक, स्टेपलाइजर, फ्यान | २०८१।३।१८ | ५०००००० |
| ९ | शारदा शरण प्रा वि वडा नं. ८ | २०८१।१।२१ | किताबर्याक, प्रोजेक्टर, जुत्ता र्याक | २०८१।३।१४ | ५०००००० |
| १० | विरेन्द्र प्रा वि वडा नं. ८ | २०८१।१।२१ | भ्याकुम क्लिनर, वाटर डिस्पेन्सर, | २०८१।३।२२ | ५०००००० |
| ११ | जानकी आ वि वडा नं. ८ | २०८१।२।२४ | कार्पेट, ल्यापटप, स्मार्ट टि. भि., टेबल | २०८१।३।१८ | ५०००००० |
| १२ | जनशान्ति मा वि वडा नं. ८ | २०८१।२।२४ | बुक जुत्ता र्याक, टेबल, चकटी | २०८१।३।१८ | ५०००००० |
| १३ | रामपुर आ वि वडा नं. ५ | २०८१।१।२१ | माइक्रो स्कोप, कार्पेट, वाटर हिटर | २०८१।३।१८ | ५०००००० |
| | | | | **जम्मा** | **६५००००००** |

६४ **पकेट विकास :**

६४.१ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद-४ को ४.१.४ मा पकेट विकास कार्यक्रममा सहभागि हुनको लागि नियमानुसार दर्ता भएका कृषक समुह वा उपभोक्ता समितिहरुबाट प्राप्त निवेदनहरु मध्येबाट अनूसूचि ९ मा उल्लेखित मापदण्ड पुरा गरेका मध्येबाट प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । त्यस्तै पकेट निरन्तरताको लागि गतवर्ष पकेट कार्यक्रम प्राप्त गरेका कृषक समुहहरूलाई सूचना जारी गरी प्राप्त प्रस्ताव तथा निवेदनको आधारमा एवं गत बर्षको उपलव्धी र स्रोतको सदुपयोग समेतको आधारमा सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । पालिकालाई यस बर्षको विनियोजित वजेट अनुसार आ.व.२०८०।८१ मा मकैवाली निरन्तरताको लागि रु.६०००००।-वजेट विनियोजन भएको पाईयो । पालिकाले सम्झौताको लागि कृषकहरूलाई सूचना आव्हान गरेको जनाई दुई फर्म तथा समुहलाई रकम निकासा दिएको छ । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छन।

६४.२ पालिकाले भूमिका कृषक समुह, वडा नं-३ लाई सम्झौता वमोजिमको कार्य सम्पन्न गरेको जनाई पेश गरेको कागजात अनुसार गो.भौ.८५।०८१।२।२१ बाट रु.२२७३७९।-भुक्तानी तथा सेनेटारी कृषक समुहलाई गो.भौ.८९।०८१।२।२८ बाट रु.२४९०००।-भुक्तानी दिएकोमा विभिन्न सामाग्रीहरू खरिद गरेको जनाई विल भरपाई पेश गरेको छ । तर सो समुहहरूले देहाय अनुसारको

उपकरणहरू वितरण गरेकोमा प्रस्तावनामा तथा वितरण कार्य गर्दा समेत सो खरिद सामाग्री क-कसलाई यस बर्ष वितरण गर्ने र क-कसलाई आगामी बर्षको निरन्तरता बजेटबाट दिने हो सो सम्वन्धमा निर्णय गर्ने गरेको छैन । पालिकाले मकैखेति कार्यको लागि समयमा नै सम्झौता गराई अनुदान रकम निकासा दिनुपर्नेमा अनुकूल सिजनमा कार्य गरे गराएको देखिएन सो तर्फ सरोकार पक्ष सजग हुनुपर्ने देखिन्छ। साथै पालिकाले अनुदान रकमको सहि सदुपयोग र समुह भित्रको पारदर्शिता सम्वन्धमा समेत अनुगमन गर्नुपर्ने देखिन्छ ।

| क्र.सं | समुह | खरीद सामान | संख्या | रकम |
|---|---|---|---|---|
| १ | भूमिका कृषक समुह | मिनि टिलर ९ Hp | ३ | २४०००० |
| | | कम्वाईन मिल ३ Hp | १ | ५०००० |
| | | बिशादि स्प्रे १६ ली | ४ | ३५४०८ |
| २ | सेनेटारी कृषक समुह | मिनि टिलर ९ Hp | १ | ८०००० |
| | | कम्वाईन मिल ३ Hp | ४ | २००००० |
| | | बिशादि स्प्रे १६ ली | ४ | ८८५२ |
| | | मिनि टिलर ७ Hp | २ | १३०००० |

६४.३ शसर्त अनुदान अन्तर्गतप्राप्त रकमबाट कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएको नर्म्स अनुसार गर्नुपर्ने व्यवस्था गरेको छ । प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजना अन्तरगत पालिकाले बिभिन्न कृषि पकेट विकास कार्यक्रमहरु सञ्चालन गरेको छ । ती पकेट विकास कार्यक्रमहरु अन्तरगत अनुदान प्राप्त कृषक वा कृषक समूह छनौट गर्दा इच्छुक सबैले समान सहभागिताको अवसर प्राप्त गरे नगरेको सम्बन्धमा पालिकाले अध्ययन बिश्लेषण र मूल्यांकन गरेको देखिएन । साथै यस्तो अनुदान प्राप्त गर्नेको पालिकाबाट नाम सार्वजनिक गर्नुपर्नेमा समेत गरेको अवस्था छैन । यसरी पालिका शसर्त अनुदानबाट भए गरेका कामको मुल्यांकन र अनुदान वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा समिक्षा गरेको पाइएन। साथै स्थानीय तहबाट अनुदान प्राप्त गर्ने कृषकको नाम नामेसि सहितको अभिलेख अध्यावधिक गरी एउटै समूह, संस्था वा व्यक्तिले पटक पटक अनुदान प्राप्त गर्ने अवस्था तर्फ सचेत हुनु पर्ने देखिन्छ ।

६५ **संचालन नभएका कार्यक्रम :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले तोकिए बमोजिमको कार्यक्रम संचालन गरि प्रगती विवरण तयार गर्नुपर्ने उल्लेख छ । साथै अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारित कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकालाई यस बर्ष प्राप्त सशर्त वजेट मध्ये देहाय लगायतको कार्यक्रमहरु नगरी वजेट रकम फ्रिज गरेको छ । बार्षिक रुपमा विनियोजित रकम समयमा र तोकिएको कार्यक्रममा खर्च नगर्दा लक्षित उपलब्धि हाँसिल नहुने हुँदा तोकिए अनुसारको कार्यक्रम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सि.नं | कार्यक्रम | रकम रु. |
|---|---|---|
| १ . | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण | १४०००० |
| २. | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर | १८१००० |
| ३. | पोपण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन | १५०००० |
| ४. | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | ३४५००० |
| ५. | CTEVT को मापदण्डबमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान | १४०००००० |

६६ **उद्योग वाणिज्य संघ अनुदान :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहायअनुसार पालिकाले उद्योग वाणिज्य संघ, पाल्पाको भवन निर्माणको लागि जनाई गो.भौ.३६३।०८१।२।३ बाट रु.१४४८१३३।–रकम भुक्तानी दिएको पाईयो । यसरी पालिकाको कार्यक्षेत्र भन्दा बाहिर गरेको खर्च रकम नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १४,४८,१३३ |

६७ **विधुतिय स्वास्थ्य सूचना रेकर्डिङ्ग र रीपोर्टिङ्ग प्रणाली :**

६७.१ विधुतिय स्वास्थ्य सूचना रेकर्डिङ्ग र रीपोर्टिङ्ग प्रणाली निर्माणको लागि रु.११२६६१०।-को लागत अनुमान तयार गरी २०८०।८।१० मा आर्थिक प्रस्तावको सूचना आव्हान गरेको पाईयो । पालिकाले प्राविधिक तथा आर्थिक प्रस्तावमा सबैभन्दा बढी अंक (८९.५२) प्राप्त गर्ने फर्मको कवोल रकम रु.११२६६१०।-मा ४५ दिन भित्र कार्यसम्पन्न गर्नेगरी कोड फ्युजन टेक्नोलोजिज प्रा.ली.सँग २०८०।८।२७ मा सम्झौता गरेको पाईयो । सो सम्वन्धी विवरण निम्नानुसार छन ।

६७.२ सार्वजनिक खरीद नियमावली, २०६४ अनुसार परामर्श सम्वन्धि कार्यमा प्रस्ताव सम्बन्धी कागजातमा परामर्शदाताको छनौट गर्न अङ्क भार उल्लेख गर्दा सार्वजनिक निकायले नियमावलीको ७१(६) बमोजिमको अङ्कको सीमा ननाघ्ने गरी कामको प्रकृति र जटिलता अनुसार उपयुक्त अङ्क उल्लेख गर्नु पर्ने र सोको आधारमा छनौट गर्नुपर्ने उल्लेख छ । पालिकाले उल्लेखित कार्यको लागि प्राविधिक प्रस्तावमा अङ्क भार उल्लेख गर्दा प्रस्तावदाताको कुनै खास कामको अनुभवको लागि अति न्युन अंक र मुख्य जनशक्तिको योग्यताको लागि सवैभन्दा बढी अंक राखेको पाईयो । त्यस्तै आर्थिक प्रस्तावमा प्रस्तावित कबोल अङ्कमा प्रस्तावदाताले कुनै छुट दिन प्रस्ताव गरिएको कुरा आर्थिक प्रस्ताव खोलेको मुचुल्कामा उल्लेख भएको भए मूल्याङ्कन समितिले त्यसरी छुट दिन प्रस्ताव गरिएको रकम समायोजन गर्नु पर्ने उल्लेख छ । पालिकाले नियमावलीको ८०(३) बमोजिमको AMC दावि नगर्ने उल्लेख गरेको फर्म स्पाईरल टेक्निकल प्रा.ली.को कवोल अंकमा AMC वापतको छुट रकम घटाई रकम समायोजन गर्नुपर्ने र AMC दावि गर्ने फर्म कोड फ्युजन टेक्नोलोजिज प्रा.ली.को रकममा जोडेर समायोजन गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । सो अनुसार नगरेको कारण कोड फ्युजन टेक्नोलोजिज प्रा.ली.ले बढी अंक प्राप्त गरेको देखियो । पालिकाले नियमावलीको व्यवस्था अनुसार खर्च मितव्ययीता कायम गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।.

६७.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सम्झौताको शर्त वमोजिम आपूर्तकले सम्झौता अवधिमा सम्झौता अनुसारको कार्य नगरेमा तथा म्याद थप समेत नभएको अवस्थामा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १०

प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारीत क्षतिपूर्ति असूल गर्नुपर्ने उल्लेख छ । पालिकाले उल्लेखित फर्मसँग सम्झौता गरेकोमा २०८०।१०।१२ सम्ममा कार्यसम्पन्न गर्नुपर्ने देखिन्छ । तर सो फर्मले २०८०।११।०९ मा मात्रै कार्यसम्पन्न गरेकोले २६ दिन ढिला कार्यसम्पन्न गरेको दिनको हुने रकम रु.१४९८४।-सम्वन्धित परामर्शदाताबाट असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,९८४ |

६८ **वितरणमुखी खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वियन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ। विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ। पालिकाले यस बर्ष देहाय लगायतका कार्यहरू गरेको पाईएकोले खर्च गर्दा ध्यान दिनुपर्दछ ।

| | | |
|---|---|---|
| ४१६।२०८०।१२।१० | एकिकृत मगर उत्थान समाज राष्ट्रिय एकता दिवस कार्यक्रम | २००००० |
| ४३९।२०८०।१२।९ | रामपुर भजनकिर्तन मण्डलीलाई भुक्तानी | १५०००० |
| २३३।२०८०।०८।०६ | धर्मोदय दश अवतार बालन सांस्कृतिक समुहको प्रवर्द्धन तथा सम्मान | १००००० |
| २०२।२०८०।०९।०५ | महोत्सव खर्च | ५००००० |
| २०।२०८०।६।२६ | उपप्रमुख तिज विशेष कार्यक्रम | ३९६४२१ |
| ४९४।२०८१।१।४ | द खुकुरी युथ क्लबलाई होलि विशेष | १००००० |
| ५७०।२०८१।२।९ | ओम महामृत्युञ्जय धाम निर्माण समिति | ५०००० |
| ६५८।२०८१।३।५ | जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत आश्रममा भाडा वितरण | ५०००० |
| ६६९।२०८१।३।१० | टोल विकमस संस्थम योजना भाषण कला तथा माईन्युट लेखन तालिम | ९९८०० |

६९ **पि एस आईटमको विल समावेश नभएको :**

सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम १२३ मा खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकांक तोकिएकोमा त्यस्तो सूचकांक प्राप्त भएपछि र त्यस्तो सूचांक नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा करारका शर्त वमोजिम रनिङ्ग विलको भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का सम्झौतामा उल्लेख गरे अनुसार पिएस आईटमको विलको आधारमा भुक्तानी गर्नुपर्नेमा निम्न ठेक्कामा बिल समावेश नगरी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| गो.भौ.नं. | योजनाको नाम | निर्माण कम्पनी | Iteam | रकम |
|---|---|---|---|---|
| विविध खर्च खाता पुँजीगत ५ | रामपुर नगरपालिककाको विभिन्न वडा तथा वडा नं. ४ को बाँकि मोटरबाटो मर्मत | कञ्चन कन्सट्रक्सन | Lab Test | ६४०० |
| संघीय सरकार पुँजीगत २६ | पाल्पा जिल्लाको रामपुर-०७, बोर्डिङ् नाली निर्माण | गण्डकि भ्याली कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | Lab Test | २०००० |
| | | | **जम्मा** | **२६४००** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | २६,४०० |
|---|---|

७० **नमुना मार्ग अधुरो मो.बा कालोपत्रे :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) वमोजिम सरकारी रकम खर्च गर्दा विल, भर्पाइ, प्रमाण र कागजात संलग्न गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले गो.भौ.४९७।२०८१।०३।२४ बाट नमुना मार्ग अधुरो मोटर बाटो निर्माण कार्य बापत द डिलाइट कन्सट्रक्सनलाई रु.३८११७३८।- रकम भुक्तानी गरेकोमा ठेक्का सम्बन्धि अन्तिम बिलमा वास्तविक कार्यसम्पादन भन्दा बढी रु.२२६००।-भुक्तानी भएकोले उक्त बढी भुक्तानी सम्बन्धितबाट असुल उपर हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | २२,६०० |
|---|---|

७१ **औषधि खरिद :**

७१.१ यस वर्ष संघीय ससर्त वजेट तर्फ औषधि खरिदको लागि रु.१६०००००।-विनियोजित भएकोमा पालिकाले रु.१५०००००।–को लागत अनुमान तयार गरि २०८०।०८।१२ मा बोलपत्रको सुचना प्रकाशन गरेको पाईयो । सुचना अनुसार ६ वटा वोलपत्र परेकोमा सबै भन्दा कम कवोल गर्ने फर्म Q. International Nepaljung सँग २०८०।९।२५ मा १ महिना भित्र औषधि आपुर्ती गर्नेगरि रु.५५६२९०।-मा सम्झौता भएको र मिति २०८०।१२।७ मा दाखिला भएकोमा गो.भौ.४९।२०८०।१२।८ बाट रु.५५५९७०।– भुक्तानी भएको पाईयो । पालिकाले वचत रकम रु.बाट रु.९४४०३०।–को पुनःलागत अनुमान तयार गरेर खरीद गर्नुपर्नेमा सोहि Q. International Nepaljung फर्म बाट ठेक्का सकार दरमा नै अन्य २० item औषधि सोझै खरिद गरि गो.भौ ७४।२०८१।२।१७ बाट रु.९४४०२८।-भुक्तानी भएको पाईयो ।

७१.२ यस सम्बन्धि अन्य व्यहोरा देहाय बमोजिम पाइयो:-

• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको प्रमाण समावेश नभएको ।

• आपूर्ति भएका औषधी एंव सर्जिकल समान स्टोर दाखिला हुनुअधि स्पेशीफिकेशन अनुसार भए/नभएको प्राविधिकबाट जाँच गरेको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, पालिका बाट निशुल्क वितरणको लोगो नभएको ।

• औषधि भण्डारण गर्दा सामानको व्याज र म्यादको आधारमा सामान राखि सोही अनुसार ELMIS मा सामान राखेको ठाउ खुल्ने गरी ईन्ट्री नगरेको तथा सामाग्री अव्यवस्थित तरिकाले राखेकोले व्यवस्थित गरी भण्डारण गर्नु पर्ने।

• औषधि निकासाको लागि FIFO Method प्रणाली अपनाएको देखिएन ।

• औषधिको आवश्यक्ता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधि सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधि, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेत यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नु पर्नेमा तथ्यांङ्क वेगर पटके रुपमा खरिद गर्ने, खरिद गरेका औषधि खरिद गरेको छोटो समय मै खर्च देखाउने, पालिकाद्धारा वा सरकारबाट निशुल्क वितरण गर्ने भनि उल्लेख नगर्ने, औषधिको ब्याच नंबर, म्याद समाप्त हुने मिति नखुलाई खरिद र भुक्तानी गरेकोले यस्तो भुक्तानी पारदर्शि र प्रतिस्पर्धि हुने नसकेको ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ । आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नु पर्ने तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि

खुलाएको हुनु पर्दछ । खरिद भएका औषधिहरुको दाखिला गरी माग अनुसार वितरण गर्नु पर्नेमा सबै निकासा जनाएको तर अभिलेख राखेको छैन। पालिकाबाट औषधि खरिद गरेको कुनै पनि विलमा औषधिको ब्याच र म्याद उल्लेख नभएको तथा र स्टोरमा उक्त औषधि सम्बन्धमा यकिन हुन नसकिएकोले औषिध खरिद भएको, रूजु भएको र संस्थामा निकासा भएको अभिलेख, खर्च र मौज्दात विवरण सहित प्रमाण पेश गर्नुपर्दछ ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरुको जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७२ **ठेक्का अभिलेख :**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

७३ **अनुदानको अनुगमन :**

पालिकाले यो वर्ष कृषि तथा पशु विकास कार्यक्रमतर्फ विभिन्न कृषि तथा पशुपालन फर्महरूलाई खेतीपाती, फर्म निर्माण तथा पशु खरिदको लागि अनुदान उपलब्ध गराउने कार्यक्रम स्वीकृत गरी रकम उपलब्ध गराएको देखियो ।यसरी अनुदान उपलब्ध गराउँदा पालिकाले सूचना प्रकाशन गरी प्रस्ताव माग गरेर पुराना र सञ्चालनमा रहेकै फर्महरूलाई व्यवसाय विस्तार गर्ने गरी विभिन्न फर्महरूलाई ५० प्रतिशत अनुदान स्वरूप रू.२ लाख देखि रू.११ लाखसम्म कुल रू.२०७४६८८/-अनुदान उपलब्ध गराएको देखियो। त्यसै गरी पालिकाले अनुदान वितरणको अधिकाशं कार्यक्रम अन्तिम चौमासिकमा सञ्चालन गरेकोमा सोको अनुगमन समेत प्रभावकारी हुन सकेको छैन । पालिकाले अनुदान वितरणको कार्यविधि बनाई यस प्रकारका कार्यक्रम व्यक्तिगत रूपमा नभई धेरै भन्दा धेरै परिवार लाभान्वित हुने गरी सामूहिक लाभ तथा अधिक लागत साझेदारी मार्फत सञ्चालन गर्नुपर्दछ। यो वर्ष पालिकाले थप व्यवसाय विस्तारको लागि अनुदान उपलब्ध गराएका व्यक्तिगत कृषि फर्मका केही उदाहरण देहाय अनुसार रहेका छनः

| कार्यक्रमको नाम | वितरण सामग्री | खर्च रकम | कैफियत |
|---|---|---|---|
| तेलहन तथा तरकारी वीउ विजन ५० प्रतिशत अनुदानमा वितरण कार्यक्रम | काउली, बन्दा, ब्रोकाउली, प्याजको बेर्ना वितरण | ३८०२४४ | ५० प्रतिशत अनुदानमा |
| मागमाआधारित विभिन्न कृषि सामाग्री ५० प्रतिशत अनुदानमा वितरण कार्यक्रम | प्लाष्टिक १६५० वटा | २२०००० | ५० प्रतिशत अनुदानमा |
| खाद्यान्न बालीको उन्नत बीउ ५० % अनुदान कार्यक्रमतथा खाद्यान्न बीउ ५०% अनुदानमा वितरण | मकैको उन्नत वीउ वितरण (८८२९के.जी.) | ११७४४४४ | ५० प्रतिशत अनुदानमा |
| | गहूँको उन्नत वीउ वितरण (९१५२के.जी) | | |
| | धानको उन्नत बीउ वितरण (२०६६६के.जी) | | |
| आलुतरकारी र व्यवसायीक खेति गर्ने कृषकलाई निशुल्क विषादी वितरण कार्यक्रम | (म्यान्कोजेवर म्यान्कोजेव+मेटाल्याक्सील), निटेनपाइरम, ल्युर, इमामेक्टिन वेन्जोएट | ३००००० | १०० प्रतिशत अनुदानमा |
| | **जम्मा** | **२०७४६८८** | |

७४ **रितपूर्वकको कर विजक :**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । पालिकाले एम.टि.एम.एपी ३४।२०८०।६।३० बाट अल्फा डिजाईन एण्ड डेभलेपमेन्ट प्रा.लि.ले जारी गरेको बिजकमा विजक नम्बर हातले लेखेको रहेको हुँदा रितपूर्वक नरहेको देखियो।मूल्य अभिवृद्धि कर दर्ता भएको व्यक्तिले रितपूर्वकको बिजक पेश नगर्नु तथा कार्यालयले विल विजकको चेक जाँच गरी नियमावलीको पालना गर्ने तर्फ उचित ध्यान नदिनु नै यसको मुख्य कारण रहेको पाइन्छ । तसर्थ मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मले रितपूर्वकको कर बीजक जारी गर्ने र कार्यालयले भुक्तानी दिँदा सो को चेकजाँच गरी भुक्तानी दिनुपर्ने देखिन्छ। कार्यालयबाट भुक्तानी लिएको मूल्य अभिवृद्धि कर रकम रु. २७४५६ सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,४५६ |

७५ **परामर्श सेवा :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयमा उपलब्ध जनशक्तिबाट कार्य गराउन नसक्ने अवस्थामा मात्र परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ।पालिकाले यो वर्ष देहाय बमोजिमको वृत चित्र निर्माण, डिजिटल प्रोफाइल निर्माण लगायतका कार्य विभिन्न परामर्शदाताबाट गराई रू. ७९६७६८४।-भुक्तानी गरेको छ।पालिकाले यस्तो अध्ययन गराउदा कार्यालयमा उपलब्ध जनशक्तिबाट गराउनेतर्फ प्रयत्न गरेको देखिएन।पालिकाले विभिन्न तीन परामर्शदाताबाट प्रस्ताव माग गरी सो मध्ये न्यूनतम लागतको प्रस्ताव स्वीकृत गरी विनियोजित बजेटकै हाराहारीमा रकम खर्च गरेको छ। पालिकाले आफ्नै जनशक्तिबाट सम्पन्न गर्नसक्ने कार्य समेत परामर्शदाताबाट गराउँदा परामर्शदाताको योग्यता, क्षमता तथा विज्ञता स्पष्ट गरेको छैन।यस प्रकारको खर्चले पालिकालाई अतिरिक्त व्ययभार परेको छ । अतः पालिकाले यस प्रकारको कार्य गराउँदा सम्भव भए सम्म कार्यालयकै जनशक्तिको अधिकतम प्रयोग गर्नेतर्फ ध्यान पुर्याउनुपर्दछ । साथै सोको संस्थागत सम्झनाको निम्ति अनिवार्य रूपमा जिन्सी दाखिला गरी वेवसाइटमा समेत सार्वजनिक गर्नुपर्दछ ।

| गो भौ नं र मिति | बिस्तृतआयोजना प्रतिवेदन | भुक्तानी | रकम |
|---|---|---|---|
| ३४।२०८०।०६।३० | एम.टि.एम.एपी | अल्फाडिजाईन एण्ड डेभलपमेन्ट प्रा लि | २३८६५६.०० |
| ३९९।२०८०।११।२३ | EHIRRS | कोड फ्युजनटेक्नोलोजिज प्रा लि | ११२६६१०.०० |
| ५४५।२०८१।०१।२४ | कालिगण्डकी पदमार्ग को डि पि आर | क्रिप्टीइनोभेसन टेक्नोलोजी प्रा लि | १७१८७०४.०० |
| ६९६।२०८१।०३।१२ | कालिगण्डक ीपैदलमार्ग वातावरणीय अध्ध्यन | वास्तुशिल्पआर्किटेक्स एण्ड विल्डर्स प्रा लि | ७९०४६३.०० |
| ९४४।२०८१।०३।२४ | झेउरी ताल ड्यामको डि पि आर | हर्जइन्जिनिइरिङ्ग प्रा लि | ६४५७९५.०० |
| ८२४।२०८१।०३।१९ | देविस्थान खेलमैदान DPR | फोर जि.इन्जिनियरिङ्ग सोलुसन प्रा लि | ४९६७४८.०० |
| ८५४।२०८१।०३।२१ | फोहोर व्यवस्थापनकोप्रणाली | सफ्टवेयरहब नेपाल प्रा लि | ९४९२००.०० |
| ८५५।२०८१।०३।२१ | ३, ७ र८ वडामा नागरिक बडापत्र जडान | स्किलनोक्स प्रा लि | ११२८८१३.०० |
| ८६७।२०८१।०३।२१ | जिल्ला प्रशासन कार्यालयलाइ टोकन प्रणाली सम्बन्धि सफ्टवेयरखरिद | न्यू गैरेकम्प्युटर सर्भिस | ३४३४५.०० |
| ९०६।२०८१।०३।२३ | नागरिक बडापत्रको वार्षिक मर्मत शुल्क | फोर जि.इन्जिनियरिङ्ग सोलुसन प्रा लि | २२३१५०.०० |
| ९१६।२०८१।०३।२३ | मुद्दाहरुमा बहस पैरबी | गोविन्दप्रसाद मरासिनी | १२००००.०० |
| ९१८।२०८१।०३।२३ | आयुर्वेद औषाधालयमा फार्मेशि व्यवस्थापन | इन्फोक्सआइटी प्रा लि | १५८२००.०० |
| ९४७।२०८१।०३।२४ | पालिकाको लोगो निर्माण कार्य | ओजन अफसेटप्रेस | २५०००.०० |
| | | **जम्मा** | **७९६७६८४.००** |

७६ **विद्युत महसुल**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ।पालिकाले लक्षित वर्गको लागि विनियोजन गरेको रकम लक्षित वर्गको दिगो पूँजी निर्माण तथा उत्थानमा खर्च गर्नुपर्नेमा सम्पूर्ण वडाका नागरिकले ३० युनिट सम्म खपत गरेको विद्युत महशुल भुक्तानी गर्ने जस्ता घरायसी प्रयोजनमा प्रयोग हुने रामनगरबासी को वडा नं ९ ले आफ्नो वडाको लागि ३० युनिट सम्म विद्युत महशुल छुट कार्यक्रम लागू गरी यस आर्थिक वर्षमा रु.१८५६७०।- खर्च गरेको छ। लक्षित वर्ग कार्यक्रम अन्तर्गत घरायसी प्रयोजनमा प्रयोग हुने सामग्री तथा नागरिकहरुको विद्युत महशुल भुक्तानी गर्ने जस्ता कार्य ऐन नियम अनुसार नदेखिएकोले यस प्रकारको कार्यक्रम नियमसम्मत देखिएन।पालिकाको आन्तरीक आम्दानी पर्याप्त नदेखिएकोमा यस्ता प्रकारको कल्याणकारी कार्यक्रममा नियन्त्रण हुनु पर्दछ।

७७ **योजनाको म्याद थप :**

सार्वजनिक खरिद नियमावली २०६४, को नियम १२० मा खरिद सम्झौताको म्याद थप गर्न सकिने तर सम्बन्धितले सो सम्झौता बमोजिम काम समयमै सम्पन्न गराउन भरपुर प्रयास गरेको थियो वा थिएन, कुनै काबु बाहिरको परिस्थितीले काममा ढिलाइ भएको हो वा होइन भन्ने यकिन नगरि पालिकाले कार्यपालिकाको निर्णय अनुसार एकमुष्ट सबै योजनाको म्याद थप गरेको देखिन्छ। साना योजनाले पनि समयमा काम सम्पन्न नगर्ने र अन्यमा पालिकाले एकमुष्ट कार्यपालिकाको निर्णय अनुसार म्याद थप उपयुक्त देखिएन । जसका केहि उदाहरण निम्न बमोजिम छन्।

| योजनाको नाम | बजेट | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्पन्न मिति |
|---|---|---|---|---|
| माथिल्लो थर खानेपानी टंकी मर्मत तथा तार घेरावार | ४०००००।- | २०८०।०९।१३ | २०८०।१२।३० | २०८१।०२।१३ |
| वाग्ले र खिम बहादुरको घर जाने मो.बा निर्माण | ४०००००।- | २०८०।१०।२० | २०८०।१२।३० | २०८१।०१।११ |
| पल्लो बराहटार खानेपानी व्यवस्थापन | ४०००००।- | २०८०।११।१० | २०८०।१२।३० | २०८१।०१।१२ |
| विजयपुर वजार व्याडमिन्टन कोर्ट निर्माण | ५०००००।- | २०८०।११।१० | २०८०।१२।३० | २०८१।०३।०३ |
| गैलुक क्रिया पुत्री ट्रष्ट निर्माण | ५०००००।- | २०८०।०८।२८ | २०८०।१२।३० | २०८१।०२।०६ |
| तल्लो गिजिनडाँडा खा.पा व्यवस्थापन | ७०००००।- | २०८०।०९।१३ | २०८०।१२।३० | २०८१।०३।०१ |

७८ **नाफामूलक संस्थालाई अनुदान :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ।उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन।पालिकाले देहाय अनुसार नाफामूलक संस्थालाईकार्यालय व्यवस्थापनमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं. | सहकारी संस्था | खरिद गरेको बस्तु | लागत |
|---|---|---|---|
| ७३ | दुर्गादिवी सामाजिक उद्यमी महिला कृषि सहकारी | ल्यापटप | ७२००० |
| १२४ | जुनेली उद्यमी महिला कृषि सहकारी | कम्प्युटर टेवल, वुककेस, प्रिन्टर | ५६५०० |
| १३८ | पन्थे उद्यमी महिला कृषि सहकारी | कम्प्युटर टेवल, वुककेस, प्रिन्टर | ५६५०० |
| २७७ | हराभरा महिला कृषि सहकारी | डेक्सटप कम्प्युटर र प्रिन्टर | ९९८०० |
| ५४८ | दियालो सामाजिक उद्यमी महिला कृषि सहकारी | कम्प्युटर टेवल, कार्पेट र प्रिन्टर | ४३५५० |
| | | **जम्मा** | **३२८३५०** |

| | |
|---|---|
| अनियमित भएको | ३,२८,३५० |

७९ **कोईलिटारी माछापोखरि कालोपत्रे :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५% पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले रु.३९९५०३१।०५

(VAT/PS सहित) को लागत अनुमान तयार गरि २०८०।८।८ मा बोलपत्रको सुचना आह्वान गरेकोमा ५ वटा बोलपत्र मध्ये सबै भन्दा कम कबोल गर्ने फर्म Pasma Construction चापाकोट स्याङ्जासँग रु.२३९२६४७।६० (VAT/PS बाहेक) मा २०८१।०२।३२ सम्म सम्पन्न गर्ने गरि २०८०।१०।१४ मा सम्झौता भएको पाईयो । निर्माण ब्यावसायीले समयमा काम सम्पन्न नगरि २०८१।२।९ मा म्याद थपको निवेदन दिएकोमा कार्यपालिकाको बैठकले २०८१।५।३० सम्मको म्याद थप गरेता पनि लेखापरिक्षण अवधि (२०८१।६।१०) सम्म दोस्रो रनिङ्ग विल समेत गरि कुल रु.२०३८९२१।-भुक्तानी भएको देखिएकोमा ततपश्चात सो निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन पेश नभएको र म्याद थप समेत नभएको देखिंएकोले हर्जना सहित बाँकि कार्य रु.३५३७२६।६०को कार्यसम्पन्न गर्नु गर्ने देखिन्छ ।

८० **स्टील पार्टस खरीद :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्द्रा कम्तीमा एक्काईस दिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने उल्लेखछ । त्यस्तै नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५%पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले झोलुङ्गे पुल निर्माणका लागि स्टील पार्टस खरिदका लागि रु.३१५०४१२ (VAT सहित) को लागत अनुमान तयार गरि मिति२०८०।०८।०८ मा बोलपत्रको सुचना आह्वान गरेको पाईयो । सुचना अनुसार पर्न आएका ५वटा वोलपत्र मध्ये सबै भन्दा कम कवोल गर्ने एग्रो ईन्जिनियरिङ्ग वर्कस प्रा.लीसंग रु.२३२७६३९.२९(VATसहित) मा २०८०।११।०७ सम्म सामान Supply गर्ने गरि २०८०।१०।०७ मा सम्झौता भएको पाईयो । सम्झौता अवधि भित्र सामान आपुर्ती गरि दाखिला हुनुपर्नेमा २०८०।११।१५मा मात्रै उपभोक्ता समितिले delivery भर्पाई गरेको पाईएकोले आपुर्तीकर्ताले निर्धारित समयमा आपुर्ती गरेको देखिदैन । यसरि आपुर्तीकर्ताले ८ दिन ढिला गरि आपुर्ती गरेको देखिएकोले सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले हुन आउने रु.९३१०। पुर्व निर्धारित क्षतिपुर्ती असुल गर्नुपर्नेमा पालिकाले सो असुल नगरि गो.भौ.२०१ बाट रु.२३२७६३९।-भुक्तानि दिएको पाईएकाले क्षतिपुर्ती रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,३१० |

८१ **सदावर्त बाङ्गेपसल विजयपुर सडक मर्मत:**

पालिकाले सडक बोर्डबाट प्राप्त ससर्त अनुदान अन्तर्गतको स्वीकृत कार्यक्रममा सडक मर्मतका लागि पालिकाको ३० प्रतिशत र सडक वोर्डबाट ७० प्रतिशत व्यहोर्ने गरि रु.९९९९७९८(VAT/PS समेत) को लागत अनुमान तयार गरेको पाईयो । पालिकाको २०८०।११।२२ को बोलपत्र सुचना प्रकाशन भएकोमा ९ वटा वोलपत्र पेश भएकोमा सवै भन्दा कम कोवोल गर्ने साईवावा कन्सट्रक्सन प्रा.ली. संग ६७३१९३६(VAT/PS समेत) मा २०८१।०३।१० सम्म सम्पन्न गर्ने गरि २०८१।१।१६ मा सम्झौता भएको पाईयो ।निर्माण व्यावसायिले जग्गा विवाद तथा वर्षायाम को कारण देखाई २०८१।२।२१ मा म्याद थपको निवेदन दिएकोमा कार्यपालिकाको निर्णयले मिति २०८१।६।३० सम्म म्याद थप गरेको पाईयो । मिति २०८१।०३।२ मा work schedule को आधारमा भौतिक प्रगति नभएकोले समयमै काम सम्पन्न गर्न भनी पालिका बाट ताकेता पत्र काटेको देखिन्छ भने सडक वोर्ड बाट २०८१।५।१५ मा कार्तिक मसान्त भित्र रकम निकासा तथा फरफारक गर्न भनि परिपत्र गरेको पाईयो । लेखापरिक्षण अवधीसम्म (२०८१।६।१०) प्रथम रनिङ्ग विल वापत गो.भौ. ६।२०८१।०६।२१ बाट रु.६४७७१६।–भुक्तानी भएको देखिएकोमा पुनःम्याद थप भएको तथा कार्यसम्पन्न भएको अवस्था छैन । यसरि निर्माण व्यावसायिबाट म्यादथप गर्ने तर समयमा काम सम्पन्न नगर्ने निर्माण व्यावसायीलाई जिम्मेवार बनाई हर्जना सहित समयमै काम सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

८२ **फरक दरमा निर्माण सामग्रीको प्रयोग :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । सार्वजनिक खरीद नियमावली¸ २०६४ को नियम

९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी विल भरपाईको आधारमा मात्रै भुक्तानी गरिने उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा फिल्डमा सुपरभाइजर नराख्ने तथा आफैंले समेत पर्याप्त रेखदेख नगरी निर्माण गर्नुपरेको अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाका विभिन्न उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई भुक्तानी गरेकोमा लागत अनुमानमा सिमेन्ट प्रयोग भएका आईटमको दररेट विश्लेषणमा जिल्ला दररेट अनुसार विश्लेषण गरेकोमा उपभोक्ताले कम दरमा प्रयोग गरेको विलको आधारमा पनि कार्यसम्पन्न लागत अनुमान वरावर कै बनेको पाईएकोले उक्त सिमेन्टको दरमा देहाय अनुसारको फरक भएको छ । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ८२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८३ **दिवा खाजा :**

८३.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८०।८१ को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो र तेस्रो चौमासिक निकासा दिंदा पहिलो चौमासिकमा निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालीकाले यस बर्ष दिवा खाजाको लागी विभीन्न ५० वटा विद्यालयहरुमा गरी जम्मा रु.१०४६६८३०।-विद्यालयहरुको खातामा निकासा दिएको पाईयो । विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा दिई सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने तथा दिवा खाजा खुवाएको अनुगमन गरी पालिकाले विद्यालयहरुलाई निकासा दिनुपर्नेमा पालिकाले अनुगमन गरेको अभिलेख प्राप्त भएन । सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

८३.२ विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा दिएको रकम विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा तथ्याङ्क संकलन गरी संख्या यकिन गरी रकमको सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले विद्यार्थीको संख्यात्मक विवरण विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट प्रमाणित नगराई केवल प्रधानाध्यापकको मागको आधारमा निकासा दिने गरेको पाईयो । पालिकाले विद्यालयहरुको दिवा खाजाको व्यवस्थापन सम्वन्धी अनुगमन समेत नगरी प्रति विद्यार्थी दैनिक रकमले हुने एकमुष्ठ रकम सम्वन्धित विद्यालयलाई त्रैमासिक किस्तामा मात्रै निकासा गरेको पाईयो । कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको प्रकृया पुरा गरी निकासा दिने तथा सोको सदुपयोग सम्वन्धमा समेत पालिकाले ध्यान दिनु पर्दछ ।

८३.३ कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८०।८१ को २.७.११.१ (च) मा विद्यालयले दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्क फुड नखुवाउने, ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न, तरकारी, दुध, दही, माछा-मासु, फलफूल लगायतका सामग्रीहरू स्थानीय कृषकबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र विल भरपाई सुरक्षित रूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने उल्लेख छ । साथै विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने । सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्ति ले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेकोमा स्थानीय तहबाट अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरेको देखिएन । पालिकाले सो सम्वन्धमा समेत ध्यान दिनुपर्ने देखिन्छ ।

८३.४ कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८०।८१ को २.७.११.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको

आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयहरुमा दिवा खाजाको निकासा दिंदा अगाडिको त्रैमासिक निकासाको खर्चको प्रमाणका साथै विद्यार्थिहरुको प्रमाणित हाँजिरी समेत पेश गर्नुपर्ने व्यवस्था अनुसार विद्यालय व्यवस्थापन समितिको अध्यक्ष्यको हस्ताक्षर विना नै पेश भएको हाँजिरी परीक्षण गर्दा सवै विद्यालयहरुमा वैसाख, जेष्ठ र आषाढ महिनामा दिवा खाजा दावि गरेको हाजिरी रेकर्डमा शत प्रतिशत विद्यार्थि हाजिरी रहेको पेश गरेको आधारमा भुक्तानी दिएको छ । यसरी वालविकास देखि ५ कक्षा सम्म शत् प्रतिशत विद्यार्थी

हाजिरी रहेको पेश गरेको पाईएकोले निज विद्यालयहरुमा अध्ययनरत विद्यार्थिहरुको हाजिरी वास्तविक हो भनि यकिन हुनसक्ने आधार देखिएन । तपशिलका विद्यालयहरुको विद्यार्थी संख्या, हाजिरीको अवस्था, शैक्षिक उपलव्धी र दिवा खाजाको सदुपयोगको सम्वन्धमा पालिकाले यकिन गर्नुपर्ने देखिन्छ ।

८३.५ पालिकाले रामतुलसी मा.वि.लाई यसबर्ष दिवाखाजाको लागि कक्षा १ देखि ५ सम्मको सवै विद्यार्थिहरूलाइ बर्षभरी रकम निकासा दिएको छ । तर विद्यालयले वालविकास तर्फका विद्यार्थीहरूलाई निकासा गरेको दिवाखाजाको रकम रु.३४१४००।-बाट खाजा खुवाउनुपर्नेमा विद्यार्थीहरूलाई नगद रकम नै वितरण गरेको पाईयो । नेपाल सरकारको नीति विपरीत नगद रकम वितरण गरेको उक्त रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ३,४१,४०० |

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७७ को दफा २७ बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ ।त्यसै गरी दफा २८ (२) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतको दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्न गराउन सक्ने व्यवस्था छ । पालिकाका वडा कार्यालयहरुमा संकलन भएको राजस्व भौगोलिक हिसाबले तोकिएको समयमा दाखिला गर्न नसक्ने अवस्था रहेको कारण जनाई देहाय अनुसारको राजस्व समयमा दाखिला भएको देखिदैन । पालिकाले जरीवाना रकम सम्वन्धितबाट असूल गर्नुपर्ने देखिन्छ, रु.
<table>
<tr><th>वडा</th><th>महिना</th><th>राजश्वअ वधी</th><th>दाखिला</th><th>जरीवाना</th></tr>
<tr><td>९</td><td>फागुन</td><td>२०८०।११।४<br>२०८०।११।१८</td><td>७३४५३।–<br>२७९५९।-</td><td>१०१४१</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१०१४१।-</td></tr>
</table>
</td><td>१०,१४१</td></tr>
</table>

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : रामपुर नगरपालिका, पाल्पा , रामपुर नगरपालिका , पाल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुर्य दर्शन पण्डित | २०८०-६-४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सीता न्यौपाने | २०७९-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८४०,९२६.६८ | २९,८७७,०२७.४५ | ३,५४०,६४०.१ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३४,२५८,५९४.२३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ६६४,८५८.८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | १०,१४१ |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३३,६०३,८७६.४३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १०१५६९२१५.६२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४२६७५२७३३.४ | चालु खर्च | ४६५९१६७१८.५९ |
| प्रदेश सरकारबाट अनुदान | ३४९७७३५८ | पूँजीगत खर्च | १३०५५२१९९ |
| राजश्व बाँडफाँट | ९७१४१७६७.४९ | वित्तीय/अन्य व्यवस्था | २१०९५५०८८.०१ |
| आन्तरिक आय | ५०३९३९०८.३६ | | |
| अन्य आय | २१८८६३८४५.६६ | | |
| कुल आय | ८२८१२९६१२.९१ | कुल खर्च | ८०७४२४००५.६ |
| बाँकी मौज्दात | | १२२२७४८२२.९३ | |

## बेरूजु दफा ८२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| गो.भौ.।मिति | उपभोक्ता समिति/योजना को नाम | फरक परेको Item | कुल खर्च रकम | नर्म्स अनुसार | खरिद र खपत | फरक रकम रु. | उ.स.सहभागिता कटाउँदा जम्मा बढी रकम |
|---|---|---|---|---|---|---|---|
| ४/२०८०/११/१४ | कठान माथिल्लो कुलो पुन निर्माण | सिमेण्ट | ११२४९९० | १३०७८३ | १०८७६३ | २२०२० | १८७१७ |
| ६/२०८०/१२/२६ | रामपुर सहकारी भवन देखि नमस्ते होटलजाने बाटो स्तरोन्नती | सिमेण्ट | ९०३५२२ | २४७५०४ | २२३२८८ | २४२१६ | २०५७६ |
| १०/२०८१/०१/२५ | लक्ष्मी नारायणधाम निर्माण रामपुर६पाल्पा | सिमेण्ट | २२६९४५५ | २९३७६४ | २७५२६८ | १८४९५ | १५६७० |
| | | Ms Bar | | ५४२७८४ | ४९०४२० | ५२३६४ | ४४४७२ |
| ७४/२०८०/१०/१५ | खरेनबारी शाखा कुलो निर्माण | सिमेण्ट | ९०५११०।– | ३०२८२।- | २३३६८।- | ६९१४।- | ५८६९।- |
| ८३/२०८०/१०/१७ | रानिबास पाँचधारा पूर्वपट्टी कुलो मर्मत | सिमेण्ट | ११४३२८।- | ३६६३८।- | २६१०३।- | १०५३५।- | ८८९१।- |
| ११९/२०८०/११/८ | रण्डाखालपूर्वधारोअहटमर्मत | सिमेण्ट | ११२४५२।- | ३२१११।- | २३७३०।- | ८३८१।- | ७१०५।- |
| १२३/२०८०/११/९ | सेराकुलोमर्मत | सिमेण्ट | १६८८४३।- | ५८३८३।- | ४१५८४।- | १६७९९।- | १४२७९।- |
| १६६/२०८०/११/२१ | खहरेखोलानेसर्दीठुलोफँटसिँचाई | सिमेण्ट | ११४११९।- | ३०४६१।- | २४९६१।- | ५५००।- | ४६६८।- |
| १९०/२०८०/१२/१ | अकलाकालिकामन्दिरनिर्माण | सालको काठ | १०९८०५।- | ४६४८८।- | २९८३२।- | १६६५६।- | १४०२४।- |
| २१३/२०८०/१२/७ | झौरीदेउरालीसाईंलीबजैकोखेतहुंदैमो.बा. | डोर हाजिरी | १०२१९१।- | २८६००।- | १४३००।- | १४३००।- | १३०५५।- |
| २१४/२०८०/१२/७ | कौवाताल पोखरानगर कुलो निर्माण | सिमेण्ट | ११३५०१।- | ३८४१४।- | २९८९९।- | ८५१५।- | ७१५८।- |
| २६०/२०८०/१२/२५ | आन्द्रेकुडे कुलो मर्मत | सिमेण्ट | २२६३५०।- | ७२८१०।- | ६६५११।- | ६२९९।- | ५३४२।- |
| २६१/२०८०/१२/२६ | मिलनचोक पार्क कम्पाउण्ड | सिमेण्ट | १७२८६५।- | २८५०३।- | २३७२३।- | ४७८०।- | ४०४९।- |
| २६२/२०८०/१२/२६ | दतौली कुलोबाँध निर्माण | सिमेण्ट | २८१३३४।- | ७७९०७।- | ६७६०७।- | १०२७२।- | ८७४९।- |
| ३४५/२०८१/१/२० | शहिद बहुमुखी क्याम्पस सभाहल निर्माण तथा व्यवस्थापन | ईटा | ९३५०१५।- | २३००३३।- | १९२००९।- | ३८०२४।- | ३२२७७।- |
| ३५२/२०८१/१/२४ | सेट्टार नाली निर्माण | सिमेण्ट | १६८६९५३।- | ४७२०९१।- | ४५३४१२।- | १८६७९।- | १५८६५।- |
| १४४/२०८०/११/१३ | राम मन्दिर निर्माण तथा मर्मत | सिमेण्ट | १६१८२३०।- | १७८४७०।- | १६२०००।- | १६४७०।- | १३९९४।- |
| १४४/२०८०/११/१३ | जब्गादी स्वामिडाँडा विश्रामस्थल निर्माण | सिमेण्ट | २२८५३४।- | ३८४४१।- | २६५१०।- | ११९३१।- | ९८४४।- |
| | | फर्मा | | २९१७०।- | २२०००।- | ७१७०।- | ५९१५।- |
| ३७५/२०८१/२/९ | कवर्डहल निर्माण | सिमेण्ट | १३५२५९१।- | १२२०९५।- | १०६७८५।- | १५३१०।- | १३००४।- |
| ४७७/२०८१/३/२१ | जरुवापानी खानेपानी व्यवस्थापन | Welll Ring | १०४६२८।- | ४४७४८।- | ३५२५६।- | ९४९२।- | ८०६०।- |
| | | | | | | **जम्मा** | **२९१५८३।-** |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।